# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## भिमदत्त नगरपालिका
## कंचनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.४१८ मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
भिमदत्त नगरपालिका,
कंचनपुर ।

**कैफियत सहितको राय**

हामीले **भिमदत्त नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रू.१० करोड ३३ लाख १९ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७८।११।२२ मा प्राप्त प्रतिक्रियाबाट रु.९ लाख ९ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु.१ करोड ८० लाख ९१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४ करोड ७८ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.३ करोड ५५ लाख ९७ हजार र पेश्की बाँकी रु. ९ लाख १६ हजार बाँकी बेरुजु रहेको छ ।** पालिकाको गत वर्षसम्म रु.१२ करोड ५१ लाख १३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१७ करोड ४२ लाख १८ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# भिमदत्त नगरपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९७ | ११० | १०३३१९ | ० | ४० | ९०९ | ९७ | ७० | १०२४१० | १८०९१ | ३५५९७ | ४७८०६ | ० | ० | ८३४०३ | ९१६ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १२५११३ | ० | ५३३०५ | ७१८०८ | ० | १०२४१० | १७४२१८ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भिमदत्त नगरपालिका, कंचनपुर , भीमदत्त नगरपालिका , कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | हरि बहादुर चन्द | २०७८-८-१३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | पुष्कर प्रसाद भट्ट | २०७७-४-१ | |
| लेखा प्रमुख | गोविन्द राज उपाध्याय | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १०३,३१९,२९९ |

स्थानीय तह :


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २१,४८,५६,०४८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७८,३७,७०,५७० | **चालु खर्च** | ६६,६६,९८,३०९ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,६८,६१,००० | **पूँजीगत खर्च** | ५२,६५,००,४४४ |
| **राजश्व बाँडफाँट** | १५,४८,८०,४१५ | **वित्तीय/अन्य व्यवस्था** | ५०,३६,४३,४४० |
| **आन्तरिक आय** | २१,६९,१६,२५० | | |
| **अन्य आय** | ४६,८०,३६,४८२ | | |
| **कुल आय** | १,६७,०४,६४,७१७ | **कुल खर्च** | १,६९,६८,४२,१९३ |
| **बाँकी मौज्दात** | | १८,८४,७८,५७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १९ वडा, सभा सदस्य, १७१।३४ वर्ग किलोमिटर क्षेत्रफल तथा २०६८ सालको जनगणना अनुसार १०४५९९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>यस नगरपालिकामा लेखापरीक्षणको क्रममा कार्यक्रममा बढी भुक्तानी बापत मिति २०७८।९।२४ मा दाखिला भएको रु. ८०००, प्रविधि हस्तान्तरण कार्यक्रमको मिति २०७८।९।२३ मा रु. ४२२९८, भौ. नं. २७ अन्तर्गत औषधि खरिदमा बढी भुक्तानी भएको मिति २०७८।९।२१ मा रु. १३४७५, पारिश्रमिक कर मिति २०७८।१०।६ मा रु. ५५७००, शिक्षकको बढी ग्रेड बापतको रकम रु. १३३४८ र पारिश्रमिक कर बापत मिति २०७८।१०।१० मा दाखिला भएको रु. १३०४० गरी जम्मा रु. १४५८६१ असूल भएको छ । | |
| ३ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर **मिति २०७८।१०।९** मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ४ | | | **जिन्सी, सम्पत्ति तथा कोष व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने बिभिन्न मालसामान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने बिभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनु पर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार ४ किसिमका १२ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, ७३ किसिमका २४५ सामाग्रीहरु जस्तै दमकल, ट्रीपर तथा मोटरसाइकल लगायतका सामान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने र बिभिन्न भवन तथा जग्गाको जग्गाधनी प्रमाणपूर्जा बनाउनु पर्ने भनि सिफारिस गरेको छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत तथा लिलाम गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवेदनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारीसाधन वा मालसमानको जिन्सीमा अद्यावधिक गरेको पाइएन । | |

| क्र.सं. | विवरण | जग्गाधनी प्रमाणपूर्जा तथा मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | मिन्हा दिनु पर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | भीमदत्त नगर विकास समितिको कार्यालय कञ्चनपुर | १ वाल पुस्तकालय, ८९ पसल कोठा, १ कार्यालय भवन र ३ कठ्ठा कार्यालयको जग्गाको जग्गाधनी प्रमाण पूर्जा बनाउनु पर्ने तथा कार्यालय भवनको नक्सा पास गर्नुपर्ने। | चालु हालतमा नरहेको २८ किसिमका ७६ किसिमका कम्प्युटर, ल्यापटप लगायतका सामानहरु लिलाम गर्नुपर्ने । | चालु हालतमा नरहेका ३१ वटा काठको कुर्सीलाई मिन्हा वा लिलाम गर्नुपर्ने । | ३ सवारी लिलाम गर्नुपर्ने तर कागजात नभएको । |
| २ | भीमदत्त नगरपालिका कञ्चनपुर | चालु हालतमा नरहेका ४ किसिमका १२ वटा सामाग्रीलाई मर्मत गरी प्रयोगमा ल्याउन सकिने । | चालु हालतमा नरहेका ४५ किसिमका १६९ वटा टिपर, दमकल, मोटरसाइकल लगायतका सामाग्रीलाई लिलाम गर्नुपर्ने । | चालु हालतमा नरहेका ११ किसिमका १७७ सामाग्रीहरुलाई मिन्हा गर्नुपर्ने । | पाम सफ्टवेयरमा दर्ता गर्दा कतिपय सवारीको चेसिस नं.समेत उल्लेख गरेको पाइएन । |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४.२ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गरेको छैन् । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| ४.३ | | | आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका कोषहरुको विवरण अद्यावधिक छ । कोषको आय प्राप्तिको उपयोग् गरेको छैन् । | |
| ५ | | | **मू.अ.कर दखिला नगरेको**<br>मुल्य अभिवृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३ मा ठेक्का वा करारमा मु अ कर असुल गर्नु पर्ने व्यवस्था छ ।महाकाली नदीको ढुगा गिट्टी बालुवा ग्राभेल र माटोमा कर शुल्क उठाउने सम्वन्धमा निर्माण व्यवसायी श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.संग भएको ठेक्का सम्झौता गर्दा मु अ कर वाहेक रू ३५२६९३७२।७० मा सम्झौता गरेको पाईयो। कवोल गरेको रोयल्टी रकममा लाग्ने मु.अ.कर १३ % ले हुने मु अ कर रू ४५८५०१८।० रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | ४,५८५,०१८ |
| ६ | | | **कर तथा शुल्क असुलि**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय ३९ शीर्षकमा कुल रु १५०३५७२८६.२० आय अनुमान भएकोमा कुल रु २१६९१६२५०.९६ असुली भएको देखिन्छ ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **जोखिम भत्ता**<br>पालिकाले यस आर्थिक २०७७।०७८ मा बिभिन्न ५७ जना सरसफाई तथा स्वास्थ्यकर्मीलाई जम्मा रु. ३६७१४२९ जोखिम भत्ता भुक्तान गरेको छ । कुन पदको कतिको दरले जोखिम भत्ता खर्च लेख्ने भनी यकीन आधार बेगर खर्च गरेको पाइयो । यस्तो खर्च नेपाल सरकारको नर्मस अनुसार हुनु पर्दछ । | |
| ८ | | | **कोभिड खर्च**<br>कार्यालयले कोभिड प्रकोप व्यवस्थान सन्दर्भमा स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको रु. ३००००००, सङ्घीय कोभिड कोषबाट रु. ५१४३७७५, अल्या गरी रु. ८४६०९५७ गरी जम्मा रु. १६६०४७३२ मध्ये क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण रु. २८०१७६, आइसोलेशन केन्द्र निर्माण व्यवस्थापन रु. १९८७८३०, औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद रु. ४९३३९२७, जनशक्ति परिचालन रु. ३६७१४२९, गाडी भाडा, मर्मत तथा ढुवानीमा रु. ३१२०००, अन्य शीर्षकमा भएको खर्च तथा व्यवस्थापन रु. ५४६५१०, महाकाली अस्पताललाई अक्सिजन प्लान्टका लागि रु. २००००००, डिभिजन वन कार्यालयलाई शव जलाउन दाउरा खरिद रु.९०२००, हेलिकप्टर चार्टर ७ नं. वडा सदस्यका लागि रु. ५०००००, जनचेतनामूलक सूचना प्रकाशन रु. ४४५०१० र विपद व्यवस्थापन खर्चको लागि रु. १०५४९७१ गरी जम्मा रु. १५८२२०५४ खर्च गरी बाँकी मौज्दात रु. ७८२६७९ रहेको विवरण पेश भएको छ । एकमुष्ट रुपमा खर्च देखाईएको उक्त रकम कहाँ कहाँ कसोरी खर्च भएको हो खुल्दैन् । अत: एकिन नगरी हुने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । कोभिड कोषमा सँघिय सरकार र आफ्ने निकायबाट अनुदान पटक पटक प्राप्त भएकोमा सो को निकायगत प्राप्ती एवँ शिर्षकगत खर्चको विस्तृत विवरण नगरपालिकाले तयार गरेको छैन् । दाउरा खरिद, औषधी खरिद, अन्य संस्थालाई गरेको सहयोग र क्वारेन्टिन सञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकिन गर्न सकिने अवस्था छैन् । शिर्षक नखुलाई अन्य शीर्षकमा भएको खर्च पारदर्शी छैन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. २३२२९१००।-सुविधा बापत भुक्तानी भएको छ । | |

| सि.नं. | विवरण | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २१००० | २१००० | ३९९००० | १६८००० | १४५६०० | ७५४६०० |
| २ | यातायात खर्च | ० | ० | ० | ९४५०० | ७३००० | १६७५०० |
| ३ | टेलीफोन, मोबाइल | १४७००० | १२६००० | ९१२००० | ६६१५०० | १७२८००० | ३५७४५०० |
| ४ | पुस्तक, पत्रिका, इन्टरनेट | १३६५०० | १०५००० | ९१२००० | ६६१५०० | २१६०००० | ३९७५००० |
| ५ | समन्वय तथा सहजीकरण | २१०००० | १८९००० | २५९३५०० | ११३४००० | ३४५६००० | ७५८२५०० |
| ६ | अतिथि सत्कार | २३१००० | २१०००० | ३१९२००० | ० | ० | ३६३३००० |
| ७ | खानेपानी, विजुली, सरसफाई | ८४००० | ७३५०० | ९९७५०० | ४७२५०० | ८६४००० | २४९१५०० |
| ८ | चाडपर्व खर्च | २७५०० | २५००० | ३४२००० | ८०००० | ५७६००० | १०५०५०० |
| जम्मा | | ८५७००० | ७४९५०० | ९३४८००० | ३२७२००० | ९००२६०० | २३२२९१०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **भुक्तानी दिन बाँकीको विवरण**<br>आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण प्रमाणित | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७६।०७७ को भुक्तानी दिन बाँकी रु. १५५२१७२९ यस वर्ष भुक्तानी गरेको छ । | |

| सि.नं. | भौ.नं. र मिति | भुक्तानी लिनेको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | ३८। ०७७। ६।२१ | पदाधिकारी सुविधा | २०७६ कार्तिक देखि २०७७ आषाढ सम्म ९ महिनाको सुविधा (नगरपालिका चालुबाट) | ११८५०३०० |
| २ | १०। ०७७। ७।४ | १३० जना कर्मचारी | आ.व.२०७६।०७७ को कोभिड १९ को संक्रमणको बेला काम गरे बापत कार्यपालिकाबाट निर्णय गरी एक महिना देखि डेढ महिनासम्मको कोभिड भत्ता दिएको (प्रकोप कोष चालुबाट) | ३४३०६३४ |
| ३ | १४। ०७७। ७।२० | १ जना कर्मचारी | आ.व.२०७६।०७७ को कोभिड १९ को संक्रमणको बेला काम गरे बापत कार्यपालिकाबाट निर्णय गरी एक महिना देखि डेढ महिनासम्मको कोभिड भत्ता दिएको (प्रकोप कोष चालुबाट) | २२००० |
| ४ | १६। ०७७। ७।२६ | ९ जना कर्मचारी | आ.व.२०७६।०७७ को कोभिड १९ को संक्रमणको बेला काम गरे बापत कार्यपालिकाबाट निर्णय गरी एक महिना देखि डेढ महिनासम्मको कोभिड भत्ता दिएको (प्रकोप कोष चालुबाट) | २१८७९५ |
| | जम्मा | | | १५५२१७२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन् । तर पालिकाले यस वर्ष रु. ७८९९५५ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| १२ | | | **पदाधिकारी पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम बार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४५०००० सम्म १ प्रतिशत, (ख) रु. ४५०००० देखि रु. ५५०००० सम्म रु. १००००० मा १० प्रतिशत, (ग) रु. ५५०००० देखि रु. ७५०००० सम्म रु. २००००० मा २० प्रतिशत, (घ) रु. ७५०००० देखि रु. २०००००० सम्म रु. १२४५००० मा ३० प्रतिशत र रु. २०००००० भन्दा बढीको आम्दानीमा (घ) बमोजिम लाग्ने करको दरमा थप २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था छ । नगरपालिकामा कार्यरत अधिकृत स्तर तथा पारिश्रमिक पुग्ने अन्य कर्मचारीहरुको पारिश्रमिक कर माथि उल्लेखित व्यवस्था अनुसार कर कट्टि नगरेकोले कट्टि असूल दाखिला हुनुपर्ने रु. | २५,८५० |

| क्र.सं. | नाम | पद | जम्मा आय | कर कट्टि हुने रकम | कर लाग्ने रकम | कर रकम रु. | कर कट्टि भएको | बाँकी कर असूल हुनुपर्ने रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुशिला चन्द सिंह | नगर उप प्रमुख | ७७४५०० | ४५०००० | ३२४५०० | ५७३५० | ३१५०० | २५८५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष आन्तरिक आयबाट कर्मचारी कल्याण कोषमा रु. १३५,००,०००।-ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी आन्तरिक आयबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | १३,५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **तलबी प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निजामती कर्मचारीहरुको तथा पालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट स्थानीय स्थायी कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०७७।०७८ मा २८ जना निजामती तथा ९४ जना स्थानीय स्थायी गरी जम्मा १२२ जना स्थायी कर्मचारीहरुको जम्मा रु. ५९६५२५०८.४९ वर्षभरी तलब भत्ता भुक्तान गरेको पाइयो । नगरपालिकाले उक्त कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत नगराई तलब भत्ता भुक्तान गरेकोमा सो को ग्रेड एकिन गर्न सकिएन । | |
| १५ | | | **योजना छनौट र संख्या**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिको योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७÷७८ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन । उल्लिखित विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. १ लाख देखि १० लाख भन्दा बढीको जम्मा ३१० वटा योजनाहरु संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ८ वटा योजनाहरु रहेका छन् । कतिपय अवस्थामा वर्षान्तमा रकमान्तर गरेर स साना योजना समेत थप कार्यान्वयन गरेको छ । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ । | |

| रु. १ लाख सम्म | रु. १ लाख देखि रु. २ लाखसम्म | रु. २ लाख देखि रु. ५ लाखसम्म | रु. ५ लाख देखि रु. १० लाखसम्म | रु. १० लाख देखि रु. ५० लाखसम्म | रु. ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| ८ | २० | १४५ | ५२ | ६० | २५ | ३१० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>वडा सचिव पदपूर्ति र दरबन्दी<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।<br><table><tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपूर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>१९</td><td>१९</td><td>१९</td><td>०</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **असुलि गर्न बाँकी आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार ५ व्यवसायिबाट रू ८५३८८१२।८९ असुल गर्ने बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. | ८,५३८,८१२ |

| **ठेक्काको विवरण** | **नाम** | **सम्झौता रकम** | **असुल रकम** | **बांकी** |
|---|---|---|---|---|
| महाकाली नदीको रोयल्टी रकम | श्री भवानी कन्सट्रक्सन | ३५२६९३७२।७० | २७६९७४१७।४५ | ७५७१९५५।२५ |
| सब्जी मण्डी तरकारी लिलाम | श्री भवानी निर्माण सेवा | २०७७३४।२४ | १७५१४८।४८ | ३२५८५।७६ |
| महाकाली नदीको माछा | श्री भवानी निर्माण सेवा | २७८६२९।७५ | २२४९१७।९९ | ५३७११।७६ |
| भारतवाट पैठारी भै आउने तरकारी | श्री भवानी निर्माण सेवा | ४२७९७५।६८ | ३४७४१५।५५ | ८०५६०।१३ |
| पटके सवारी कर | अम्रित कन्सट्रक्सन | ५७१२७८७।१४ | ४९१२७८७।१६ | ७९९९९९।९९ |
| | जम्मा | **४१८९६४९९।५१** | **३३५७६८६।६३** | **८५३८८१२।८९** |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौता अनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **खर्चको विश्लेषण**<br>नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु २१६९१६२५०.०, राजस्व बाँडफाँड र अनुदानबाट रु१४४१४८६३९७.० तथा गत बर्षको अल्या रु १६४०९४७०८.० समेत रु १८२२४९७३५५.० आम्दानी भएकोमा चालु तर्फ रु. ६६६६९८३०९.०,पूँजिगत तर्फ रु. ५२६५००४४४.०, वित्तीय व्यवस्थातर्फ रु ३४३०८८८.० तथा संघ प्रदेश फिर्ता रु ६७४८३२१५.० र अन्य खर्च रु ४६६८३४०८६.० समेत रु १७३०९४६९४२.० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.५३ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रु. २ करोड ९५ लाख ७५ हजार खर्च भएको छ जुन आन्तरिक आयको १३.६३ प्रतिशत रहेको छ। यसबाट नगरपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| १९ | | | **बजेट तथा अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख शुसिला सिँहले मिति २०७७/०३/४ गते रु.१ अर्ब ५६ करोड २३ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/०३/१० मा पारित भएको छ । त्यसै गरी नगरपालिका प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई मिती २०७७/३/४ मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छन्। | |
| २० | | | **रकमान्तर**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। नगरपालिकाको विनियोजन ऐन, २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन।यस नगरपालिकामा कार्यपालिकाको निर्णय बमोजिम विभिन्न शिर्षकमा कुल रु २३ करोड ४ लाख २७ हजार अर्थात् कुल बजेट रु.१ अर्ब ५६ करोड २३ लाख ७५ हजारको १४. ७४ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी नगरसभाको स्वीकृती लिएको छैन। नगरपालिकाको विनियोजन ऐनमा व्यवस्थाबिना एक शिर्षकबाट शत प्रतिशतसम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन। | |

| २१ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम ९१५,७५० |
|---|---|---|---|---|

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छयौट गर्नुपर्दछ रु.

| **क्र.सं** | **पेश्की लिनेको नाम** | **पद/ठेगाना** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|---|
| | **म्याद ननाघेको पेश्की** | | | |
| | **पुँजिगत(ठेकेदार)** | | | |
| १ | वाई आर कन्सट्रक्शन प्रा.लि | प्रबन्ध निर्देशक | वडा कार्यालयको भवन निर्माण | ७००००० |
| २ | राधा भानु निर्माण सेवा प्रा लि | | नारद सुनारको घरदेखि कालिका मन्दिरसम्म सडक कालोपत्रे(प्रगति टोल खैरभट्टी) | ५३००० |
| ३ | राधा भानु निर्माण सेवा प्रा लि | | शारदा टोल र हरित टोलको बीचको बाटोमा नाली निर्माण | ३३२००० |
| ३ | राधा भानु निर्माण सेवा प्रा लि | | चाहना टोलको सडक कालोपत्रे | ८२००० |
| ४ | वाई आर कन्सट्रक्शन प्रा.लि | प्रबन्ध निर्देशक | समपुरक कोष | ६००००० |
| ५ | वाई आर अमृत जे भि | | वडा कार्यालय भवन निर्माण | ११००००० |
| ६ | रशमी बिल्डर्स प्रा लि | | समपुरक कोष | ३००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | अनक जोशी जे भि | | नगरपालिका मुख्य प्रशासनिक भवन निर्माण | २०००००० | |
| | | | ८ | वाई आर अमृत जे भि | | वडा कार्यालय भवन निर्माण | ३००००० | |
| | | | ९ | मालिका एम डि ग्रुप जे भि | | वडा कार्यालय भवन निर्माण | ८००००० | |
| | | | १० | शनिदेव भौनेली जे भि | | सब्जीमण्डी नाला व्यवस्थापन | १२००००० | |
| | | | ११ | श्री एम.के निरज जे.भि | | वडा कार्यालय भवन निर्माण | ९००००० | |
| | | | | **पुँजिगत(ठेकेदार)सडक बोर्ड नेपाल** | | | | |
| | | | १२ | राधा भानु निर्माण सेवा प्रा.लि | | सडक कालोपत्रे तथा निर्माण | २००००० | |
| | | | १३ | राधा भानु निर्माण सेवा प्रा.लि | | सडक कालोपत्रे तथा निर्माण | ५४०००० | |
| | | | | **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम(पुँजिगत/ठेकेदार)** | | | | |
| | | | १४ | गौरी पार्वति अनक जोशी जे भि | | भिमदत्त ईको पार्क निर्माण | ५८५१८०० | |
| | | | | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(पुँजिगत/ठेकेदार)** | | | | |
| | | | १५ | ध्रुव कन्सट्रक्शन | | झोलुङ्गे पुल देखि पक्की पुल तर्फ जाने सडकमा पुल निर्माण | ७००००० | |
| | | | | **स्थानिय तह प्रशासकिय भवन पुर्वाधार विकास कार्यक्रम** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १६ | ६१५९६०५६४ अनक जोशी जे भि | | अनिक जोशी जे भि लाई नगरपालिकाको मुख्य प्रशासनिक | १८००००० | |
| | | | | **जम्मा** | | | **१७४५८८००/-** | |
| | | | | **म्याद नाघेको पेश्की** | | | | |
| | | | | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(कर्मचारी)** | | | | |
| | | | १७ | हरिदत्त जोशी | अधिकृत | गुणस्तरिय शिक्षाका लागि क्षमता अभिवृद्धि एवं चेतना विकास कार्यक्रम | ३१५७५० | |
| | | | | **क्षेत्रिय शहरी विकास आयोजना(कर्मचारी)** | | | | |
| | | | १८ | गोमति अवस्थी | अधिकृत | बेमौसमी तरकारी खेति तालिम | ३५०००० | |
| | | | १९ | गोमति अवस्थी | अधिकृत | सुरक्षित यात्रा प्रतिवेदन तयारी | २५०००० | |
| | | | | **जम्मा** | | | **९१५७५०/-** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा, सो बमोजिम कार्यालयको देहाय बमोजिम अवस्था देखियो।<br><br>• नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरे छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्नेमा अधिकाँश योजनाको म्याद थप गर्न निर्माण व्यवसायीले एक्काईस दिन अगावै निवेदन नदिएको अवस्थामा समेत कार्यालयले योजनाको म्याद थप गर्ने गरेको छ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• कार्यालयले राजस्व शाखा तथा वडागत रुपमा राजस्व आम्दानी गर्न प्रयोग भएको रसिदको आम्दानी गरेको छैन भने वितरण भएको रसिदको रसिद नियन्त्रण तथा हस्तान्तरण नभएकोले नगदी रसिदको आधारमा राजस्व आम्दानी गरेको र सो बमोजिम रकम दाखिला गरेको यकिन गर्न सकिएन।<br>• नगरपालिकाले अधुरा आयोजनाको समिक्षा गर्ने र सोको प्रतिवेदन गर्ने कार्य गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **सूचना प्रविधि**<br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।<br><br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छैन।<br>• सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको छैन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको छैन।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन। | |
| २४ | | | **भ्रमण अभिलेख**<br>भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणको वातावरणका आधारमा देहाय बमोजमिको अवस्था देखियो।<br><br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको छैन। भ्रमण अभिलेख नहुँदा भ्रमणमा खर्च भएको प्रयोजन तथा भ्रमण प्रयोजन पुष्टि हुँदैन।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश नभगरेकोले भ्रमणको उद्धेश्य बमोजिम वास्तविक भएको हो होईन यकिन गर्न सकिएन। | |
| २५ | | | **सवारी साधन**<br>सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएकोमा कार्यालयले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्यावधिक गरेको छैन। कार्यालयमा कुल सवारी साधनमा ५० मोटरसाईकल, ५ ट्र्याक्टर,१ जिप,१ रोलर,२ दमकल,१ एम्बुलेन्स,३ स्कुटर,१ मोबाईल भ्यान , ८ ट्रिपर रहेकोमा सोको प्रयोगको लगबुक अद्यावधिक नभएकोले ईन्धन तथा मर्मतमा खर्च भएको रकम वास्तविक भएको यकिन गर्न सकिएन। साथै कार्यालयले म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २६ | | | **रसिद नियन्त्रण खाता**<br>कार्यालयले राजस्व असुली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस वर्ष २११० परिमाणमा नगदी रसिद जिन्सी दाखिला गरेको प्रतिवेदनमा उल्लेख छ ।नगरपालिकाको रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको,खाता केरमेट,अस्पष्ट र व्यवस्थित नभएको पाईयो।कति परिमाणमा कस्लाई कति नं देखि कति नं सम्म नगदी रसिद प्रदान गरेको र उक्त रसिदहरुबाट कति राजश्व प्राप्त भइको स्पष्ट हुन सकिएन । साथै कार्यालयले अनलाईन प्रणालीमा राजश्व आम्दानीलाई व्यवस्थित गर्ने प्रयास गरेता पनि उक्त प्रणालीमा पनि रसिद नं कतै उल्लेख गरेको कतै उल्लेख नगरेकोले राजश्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन ।अतः कार्यालयले आगामि दिनमा रसिद नियनत्रण तथा राजश्व असुलीलाई प्रभावकारी स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धनमा विषेश ध्यान पुर्याउनुपर्ने देखियो । | |
| २७ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ । नगरपालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात रु. ८४६०९५७ रहेको, यो आ.व.मा रु. ८१४३७७५ जम्मा भएकोमा रु. १५८२२०५४ खर्च भई रु. ७८२६७९ बाँकी रहेको देखिन्छ । | |
| २८ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **राजश्व अभिलेख**<br>आर्थिक कार्यविधि ऐन,२०५५ को परिच्छेद ४ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ३० | | | **शिक्षा** | |
| ३०.१ | | | **निःशुल्क पाठ्यपुस्त अनुदानः** कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनु पर्दछ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी २०७८ वैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था गर्ने उल्लेख छ । कार्यालयले निर्देशिका विपरित विद्यालयको मागको आधारमा एकमुष्ट रु.८१९५२७२।– विद्यालयलाई अनुदान उपलब्ध गराएको छ । विद्यार्थीको प्रमाणीत कागजातका आधारमा नपुग रकम एकिन नगरी एकमुष्ट रकम निकासा पठाएकोले निर्देशिका विपरीत पठाएको पाठ्यपुस्तकको रकम वरावर विद्यार्थिले पाठ्यपुस्तक पाएको एकिन हुन सकिदैन । अत निर्देशिका बमोजिम सुरुमा ७५ प्रतिशत तथा EMIS विवरणको अधारमा कागजात प्रमाणित गरि थप २५ प्रतिशत रकम निकासा गर्नुपर्दछ । | |
| ३०.२ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका बिद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा निमयन सम्बन्धि कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन समबन्धी मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलायई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.३ | | | **निजि विद्यालय अनुगमन मापदण्डः** पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन, मापदण्ड बमोजिम अनुगमन गरेको छैन, निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन, शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन, अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । | |
| ३०.४ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत सञ्चालित माध्यमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वियन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वियन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्यांकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ३०.५ | | | **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुमा ४७७ शिक्षक दरवन्दी रहेकोमा ४७५ जना पदपुर्ती भएको र ६ जना रिक्त रहेको देखिन्छ । पदपुर्ती मध्ये १३० जना करार शिक्षक कार्यरत रहेको विवरण पेश भएको छ । पालिका अन्तर्गतका सामुदायिक विद्यालयमा जम्मा १२३९९ जना विद्यार्थी अध्यायनरत रहेको विवरण पेश भएको छ । | |
| ३१ | | | **गत वर्षको बैंक मौज्दात बढी कायम गरेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १५५१३९२२०.० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२१४८५६०४८.० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५९७१६८२८.० बढी जिम्मेवारी सरेको छ। कार्यालयले बढी जिम्मेवारी सारेको सम्बन्धमा कारण र सोको पुष्टि नगरेकोले सोको आवश्यक प्रमाण पेश गरिनुपर्दछ। | |
| ३२ | | | **बैंक हिसाब मिलान विवरण**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तयार गर्नुपर्दछ । विवरण अनुसार श्रेस्ता तथा बैँक मौज्दातमा रु ११९६५३४१९ को फरक पर्न गएकोमा नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी (म ले प फारम २१२) पेश गरेको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७८ असार मसान्तकोबाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७८ असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिकराजस्व खाता | ० | १५२२०२८१ | १५२२०२८१ |
| २ | राजश्वबाँडफाँड खाता | ० | ६९९९७५५ | ६९९९७५५ |
| ३ | आन्तरिकअनुदान खाता | ० | ० | ० |
| ४ | चालु खाता | ११४२८७०३ | १८२४१४८० | ६८१२७७७ |
| ५ | पूँजीगतखाता | १५४७०१९० | ३३५०१३० | १२१२००६० |
| ६ | वित्तीयव्यवस्था खाता | ६०९१०३२ | ६०९१०३२ | ० |
| ७ | बिबिध खर्चखाता (ग.2.7) | ० | २७५५२४३ | २७५५२४३ |
| ८ | धरौटी खर्चखाता | ३०४६४३४० | २९५८१८९३ | ८८२४४७ |
| ९ | सञ्चित कोष | १९७८८१९७ | ७३३८०७७१ | ५३५९२५७४ |
| १० | विविध कोषखाता (ग.५.१) | ११७०८२२४ | १३७७०२९४ | २०६२०७० |
| ११ | विभाज्यकोष खाता | १२८४६७५२ | ३७३७६५२ | ९१०९१०० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १२ | भिमदत्तनगर विकास समिति | ३३३२२०७५ | २३३३८५७५ | ९९८३५०० | |
| | | | १३ | प्रकोपव्यवस्थापन कोष खाता | ७८२६७८ | ८९८२९० | ११५६१२ | |
| | | | जम्मा | | | | ११९६५३४१९ | |
| ३३ | | | **विमानस्थल निर्माणको लागी बजेट खर्च नजनाई नागरिक उड्डयन प्राधिकरणलाई भुक्तानी**<br>महेन्द्रनगर विमानस्थलको विकास र विस्तार गरी विमानस्थलमा स्तरोन्नती गर्नका लागी सुदूरपश्चिम प्रदेश सरकार, भिमदत्त नगरपालिका तथा दोधारा चाँदनी नगरपालिका र नेपाल नागरिक उड्डयन प्राधिकरणबिच मिती २०७७/११/३ मा समझदारी पत्रमा हस्ताक्षर भई योजना संचालन प्रक्रिया अघि बढेको पाईन्छ। सम्झौता बमोजिम भिमदत्त नगरापालिकाले कुल लागत रु ५११५०२३६२२.९१ को १५ प्रतिशत हिस्सा व्यहोर्नुपर्दछ। कार्यालयले भिमदत्त नगर विकास समितीको कोष खाताबाट सो प्रयोजनका लागी रु १००००००००.० मिति २०७८/२/३० मा नागरिक उड्डयन प्राधिकरणको खातामा बैँक ट्रान्सफर मार्फत रकम जम्मा गरेको छ। नगरपालिकाको बजेट विनियोजनबिना कोष खातामा रहेको रकम खर्च गरी बजेट समर्थन गरेको छैन। साथै प्राधिकरणद्वारा कायम लागत अनुमानमा नगरपालिकाले व्यहोर्ने अंश नखुलेको हुँदा, भुक्तानी भएको रकम तथा स्रोत परिचालनको सुनिश्चित्तता भएन । विमानस्थल निर्माणको लागी नगरपालिकाबाट कार्यक्रम बजेट बिनियोजन तथा खर्च भएको पुष्ट्याँई हुने प्रगती प्रतिवेदन बेगर खर्च गरेको नियमसम्मत देखिएन । | | | | | |
| ३४ | | | **कानुन निर्माण तथा कार्यान्वयन** | | | | | |
| ३४.१ | | | **कानुन निर्माण तथा कार्यान्वयन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यक्ता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस कार्यालयले गत बिगत बर्षहरूमा ३६ वटा कानुन निर्माण गरेको देखिन्छ भने आवश्यक्ता अनुसार नगरपालिकालाई लागु हुने कानुन निर्माण भए भएन एकिन हुन सक्ने आधार देखिएन । अत नगरपालिकाले एकिन गर्नु पर्दछ । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.२ | | | **न्याय सम्पादन :** स्यथानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । यस कार्यालयले आर्थिक बर्ष २०७६।७७ मा दर्ता भएका १०आर्थिक बर्ष २०७७।७८ मा दर्ता भएका १७गरी जम्मा २७ वटा उजुरी दर्ता भएकोमा १३ वटा उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाएको देखिन्छ भने ११ वटा उजुरी समयमा कारवाही किनारा गरी टुङ्गो लगाएको देखिएन । अत कार्यालयले समयमा उजुरी कारवाही किनारा लगाउन तर्फ ध्यान दिनु पर्दछ । | |
| ३५ | | | **खरिद ब्यवस्थापन** | |
| ३५.१ | | | सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को प्रस्तावनामा स्रोतको बढदो माग ब्यवस्थापन गर्ने चुनौती रहेको बर्तमानअवस्थामा कोभिड १९ को सक्रमणले आर्थिक क्रियाक्रलाप प्रभाबित भई सार्वजनिक स्रोत परिचालनमा थप दबाब सिर्जना भएको र यस रोकथामको नियन्त्रण र उपचनारका लागि स्वास्थ्य क्षेत्रमा सरकारको खर्च बढाउन,अर्थतन्त्रको पुनस्थापना गर्न अनिवार्य दायित्व ब्यवस्थापन गर्न तथा निर्माणाधीन आयोजनालाई निरन्तरता दिदै सार्वजनिक खर्चलाई थप मितब्ययी एव.नतिजामुखि बनाउन बाञ्छनीय भएकोले मापदण्डको बुदा न.३ मा अति आवश्यक बाहेक फनिचर तथा फिक्चर्स खरिद गर्न नपाईने, बुदा न,५ मा बैदेशिक भ्रमण किफाएती बनाउने, बुदा न. ६ मा कार्यालयका पदाधिकारी उपस्थित मात्रको बैठकको भता दिन नपाईने,बुदा न.७ मा नया सवारी साधन अर्थको सहमति बेगर खरिद गर्न नपाईने,बुदा न. ८ मा सम्पति लिलाम असोज मसान्तभित्र गरि सक्नु पर्ने, बुदा न. ९ मा दिघर्कालिन दायीत्व सिर्जना हुने गरि ठेक्का बन्दोबस्तो गर्न नपाईने आदी मापदण्ड निधारण गरी यी मापदण्द सबैले पालना गर्नु पर्ने छ भनी उल्लेख गरेको छ ।लेखापरिक्षणको क्रममा उक्त कुरा पालना गरे नगरेको अवलोकन गर्दा अधिकांश बिषय बस्तुको पालना गरेको अवस्था देखिएन । अत नगरपालिका कार्यालयले उक्त प्रावधानको पालना गरी सार्वजनिक खर्चलाई मितब्ययी बनाउनतर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य,पाप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा पाप्त भएको मिति<br>४. सम्पन्न निर्माण कार्य,पाप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति<br>माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्य प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनुपर्ने ब्यवस्था छ । यस कार्यालयदारा आर्थिक बर्ष २०७७।७८ मा संचालित वा बिगत आा.वा.बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन । कार्यालयेले अधिकाश् योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सही गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन । नगरपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्न तर्फ ध्यान दिनु पर्दछ। केही उदाहरण निम्न छन ।<br><br>सि.न. \| योजनाको नाम \| भुक्तानी रकम<br>१ \| वडा न.२ वडा कार्यालय भवन निर्माण \| ४६१८५६३<br>२ \| वडा न. ४ वडा कार्यालय भवन निर्माण \| ९३४९२६२<br>३ \| वडा न. १९ सडक कालोपत्रे \| २५३३५०७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.३ | | | **गुणस्तरपरीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । यस स्थानीय तहले निर्माण व्यावसायीबाट आपुर्ति गरेका अधिकाशं तथा उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अत नगरपालिका कार्यालयले आपुर्ति गरेका समान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनतर्फ ध्यान दिनु पर्दछ । | |
| ३५.४ | | | **म्याद थप:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण ब्यावसायी,आपुर्तिकर्ता,सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिनअगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागी निबदेन दिनु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यलयमा गत बिगत देखि सम्झौता भई हालसम्म सम्झौता बमोजिमका कार्य सम्पन्न हनु नसिकी बाकी रहेका निर्माण कार्यहरुको निर्माण ब्यावसायीले अवधि भित्र निबदेन नदिएको अवस्थामा समेत अधिकाशंको नगरपमलिकाले एकमुष्ट रुपमा निर्णय गराई म्याद थप गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था प्रकृया पुरा नगरी म्याद थप गर्दा बिगत देखिका योजनाहरु सम्पन्न हुन नसकेको देखिन्छ भने अर्कोतर्फ निमार्ण ब्यावसायीको ढिलाईको कारणले गर्दा सम्पन्न नभएका योजनाहरुबाट पूर्वनिधारीत क्षेतिपुर्ति लिन बाट बन्चित गरेको देखिन्छ । अत नगरपालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था कार्यान्वयन गर्न तर्फ ध्यादिनु पर्दछ । | |
| ३५.५ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।अत नगरपालिका कार्यालयले सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **दरबन्दी, पदपूर्ति तथा करार कर्मचारी खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ३२६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवाप्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । यसै गरी पालिकाको ११८ जना स्थायी कर्मचारी रहेकोमा दरबन्दी भित्रका बिभिन्न पदमा २०८ जना करार कर्मचारीहरु राखी रु. ३९३३४५७२ खर्च लेखेको छ । यसरी कार्यालयले कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा मात्र करार कर्मचारीको खर्च लेख्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td></td><td></td><td>शिक्षकको बढी ग्रेड निकासा<br>शिक्षा नियमावली२०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासादिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपरगरिने उल्लेख छ । गाउँपालिकाले देहायका शिक्षकको तलब भत्ताभुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवदेनका आधारमा तलब भत्ताभुक्तानी गर्नुपर्नेमा देहायबमोजिम शिक्षकको ग्रेड बापतको रकम रु. ११२५४९.० बढि भुक्तानी गरेकोले बढी ग्रेड रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>हुनुपर्ने ग्रेड</th><th>भएको ग्रेड</th><th>दर</th><th>वार्षिक रकम</th></tr>
<tr><td rowspan="2">महेन्द्रनगर मा.वि. महेन्द्रनगर (साधारण)</td><td>लोकमणी भट्ट</td><td>१</td><td>२</td><td>९४०</td><td>१३३४८.०</td></tr>
<tr><td>रामचन्द्र चाड</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८.०</td></tr>
<tr><td>शान्ति निकेतन मा.वि. ऐठपुर</td><td>गोविन्द बहादुर बडू</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८.०</td></tr>
<tr><td>युवा वर्ष मा.वि. तिल्केनी</td><td>विष्णुदत्त पन्थ</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८.०</td></tr>
<tr><td>वैजनाथ सिद्धनाथ मा.वि. मटैना</td><td>नवराज जोशी</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८.०</td></tr>
<tr><td>पंचकृति मा.वि. वागफटा</td><td>धर्मानन्द जोशी</td><td>६</td><td>७</td><td>९४०</td><td>१३३४८.०</td></tr>
<tr><td>त्रिभुवन मा.वि. तीलाचौर</td><td>शेर सिंह विष्ट</td><td>६</td><td>७</td><td>१३४६</td><td>१९११३.०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>११२५४९.०</td></tr>
</table></td><td>९९,२०१</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | 260 | २०७८-३-२० | **उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यालयलाई सिकाइ सुदृढिकरण अनुदान**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ को सि.नं. ९.३ अनुसार यस प्रकारको अनुदान उपलब्ध गराउँदा परिक्षा नतिजा, विद्यालय छाड्ने दोहोर्याउने दर, विद्यालय वाहिरका वालबालिकाको अवस्था आदि समेटी १०० अंकको पुर्णाङ्क निर्धारण गरी सोही आधारमा विद्यालयले पेश गरेको प्रस्तावनाको आधारमा उत्कृष्ट ठहरिने विद्यालयलाई छनौट गरी एउटा विद्यालयलाई एकमुष्ट रु.२ लाख उपलब्ध गराउने र सोही प्रस्तावना अनुसारको प्रगति विद्यालय प्रतिवेदन नियमित रुपमा स्थानीय निकाय र केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाले मापदण्ड निर्धारण नगरी तथा विद्यालयलाई प्रस्ताव नै पेश गर्न नलगाइ सोझै युवावर्ष माध्यमिक विद्यालयको खातामा रकम निकासा गरेको छ । उक्त रकम कुन कार्यक्रममा खर्च भएको छ सोको अनुगमन भएको पनि देखिएन । अतः निर्देशिका विपरित अनुदान उपलब्ध गराएको रकम नियमित गर्नुपर्ने रु. | २००,००० |
| ३९ | 112 | २०७७-१२-९ | **विद्यालयको लेखापरीक्षण र विद्यालय सुधार योजना**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको वुँदा नं. ५.३ र ५.४ अनुसार हरेक वर्ष विद्यालयले अध्यावधिक रुपमा विद्यालय सुधार योजना तयार गरी लागु गर्ने तथा विद्यालयको खर्च यथार्थ देखिने गरी सामाजिक परिक्षण तथा आर्थिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ । जस अनुसार तोकीए बमोजिमको रकम कार्यालयले सबै विद्यालयमा गरी रु.१५३५०००.० निकासा गरेको छ । तर विद्यालयमा विद्यालय सुधार योजना निर्माण भएको तथा विद्यालय लेखापरीक्षण गरेको विवरण कार्यालयमा उपलब्ध भएको छैन । जसबाट विद्यालयले प्राप्त रकम सम्बन्धित कार्यमा खर्च गरेको नगरेको तथा कार्यालयमा विद्यालयले गरेको लेखापरीक्षण विवरण र प्रतिवेदन उपलब्ध नहुँदा विद्यालयको खर्चमा मितव्यायिता भएको र अनियमितता भएकोमा एकिन हुन सकिदैन । अत तोकिएबमोजिम विद्यालय सुधार योजना तथा विद्यालयगत लेखापरीक्षण भएको सुनिश्चित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**<br>शिक्षण सिकाइ व्यवस्थापन कार्यविधि, २०७७ अनुसार पालिकाले प्राप्त बजेटबाट बढिमा १२ महिनासम्म पारिश्रमिक उपलब्ध गराउने उल्लेख छ । त्यस्तै शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. १७३ मिति २०७७।१०।११ को पत्र अनुसार शिक्षकण शिकाइ व्यवस्थापन कार्यविधि बमोजिम कुनै पनि दरवन्दी नभएको माध्यमिक विद्यालयमा २ शिक्षक व्यवस्थापन गर्न र एउटा मात्र दरबन्दी भएको विद्यालयलाई १ शिक्षक व्यवस्थापन गर्न प्रति शिक्षक ६ महिनाको रू.२ लाख १६ हजारका दरले अनुदान निकासा दिने उल्लेख छ । केन्द्रको परिपत्र अनुसार पालिकाले १२ विद्यालयमा परिपत्र अनुसार रु. २२६४१००.० (छ महिनाको) निकासा गर्नुपर्नेमा निर्देशिका बमोजिम रु. ४५२८२००.० (१२ महिना) रकम निकासा गरेको छ । एकै कार्यक्रमको लागि निर्देशिकामा बढिमा १२ महिनाको सुविधा उपलब्ध गराउने भनेकोमा परिपत्रमा ६ महिनासम्मको तलब भुक्तानी गर्ने निर्देशन भएको छ । पालिकाले थप ६ महिनाको तलब भुक्तानी गर्ने सुनिश्चित नै नगरि पुरै खर्च गरेको छ । अत केन्द्रिय परिपत्रको पालना गरेर मात्र खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४१ | 48 | २०७८-३-२० | **नमुना विद्यालय सुधार भौतिक निर्माण अनुदान**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रको आ.व.2077/78 को कार्यक्रम कार्यान्वयन निर्देशिकामा गत बर्ष भौतिक पूर्वाधार निर्माणाधिन रहेको विद्यालयहरुको स्वीकृत गुरुयोजनाले तोकेको विद्यालयको भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनका लागि यस आर्थिक बर्षमा प्रति विद्यालय १ करोड ५० लाख स्थानीय तह मार्फत विद्यालयलाई उपलव्ध गराउने । विद्यालयलाई अनुदान उपलव्ध गराउदा हाल सम्मको कार्य प्रगति तथा सम्पादन हुने कामको लागत अनुमान सहित माग गर्नुपर्ने तथा विद्यालय र स्थानीय तह वीच सम्झौता गरी पहिलो पटक 50 प्रतिशत र बाँकी रकम कार्य प्रगतिका आधारमा उपलव्ध गराउने व्यवस्था छ । आर्थिक बर्ष 2077/78 मा नमुना विद्यालयको कार्यक्रममा प्राप्त रु.1 करोड ५० लाख नगरपालिकाले मिति 2078 असार २० गते महेन्द्रनगर माध्यमिक विद्यालय महेन्द्रनगरलाई निकासा गरेको छ । विद्यालयलाई रकम उपलव्ध गराउदा निर्देशिका बमोजिम हाल सम्मको कार्य प्रगति र सम्पादन हुने कामको लागत अनुमान सहित माग गरी निकासा दिनुपर्ने हुन्छ । नगरपालिका र विद्यालय वीच सम्झौता गरी पहिलो पटक ५० प्रतिशत र बाँकी रकम कार्य प्रगतिको आधारमा उपलव्ध गराउनु पर्नेमा नगरपालिकाले आर्थिक बर्षको अन्तमा सम्झौता समेत नगरी रकम निकासा गरेको छ । आर्थिक बर्ष 2076/77 मा यसै कार्यक्रमको लागि रकम रु.१ करोड 50 लाख विद्यालयलाई निकासा गरेकोमा नगरपालिकाले लेखापरीक्षणको अवधिमा विगत आर्थिक वर्षको रु.१ करोड ५० लाख विलभर्पाइको साथमा यस आर्थिक वर्षको रकम खर्च रकम रु.५० लाख सहित एकमुष्ट रु.२ करोडको विलभर्पाइ पेश गरेको छ । सम्झौता अनुसार जुन आर्थिक वर्षको लागि अनुदान उपलब्ध भएको हो सो आर्थिक वर्षको कार्य प्रगतिको आधारमा ५०/५० प्रतिशले अनुदान उपलब्ध गराउनुपर्नेमा गत विगतको खर्च एकिन नगरी यस आ.व.को रकम सोझै निकासा गरेको र एकमुष्ट विगत वर्षको सम्परीक्षणका साथ यस वर्षको खर्च समेतको विलभर्पाइ पेश गरेकोबाट नमुना विद्यालय गुरुयोजना अनुसार विद्यालयले रकम खर्च गरे नगरेको एकिन गर्न सकिदैन । पालिकाले निर्देशिकाले तोकेअनुसार रकम निकासा गर्ने तथा विद्यालयले गुरुयोजना अनुसार खर्च गर्नेतर्फ जोड दिदै यस आ.व.को निकासा रकम रु.१ करोड ५० लाख मध्ये रु.५० लाखको मात्र विल भर्पाइ पेश भएकोले बाँकी रकम रु.१ करोडको विद्यालय भौतिक निर्माण कार्यको लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजात पेश गर्नुपर्ने रु. | १०,०००,००० |
| ४२ | | | **विद्यालय भौतिक निर्माण अनुदान**<br>आर्थिक वर्ष २०७७।७८ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०७७।०४।१४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को बुदा न ८.६ मा भौतिक निर्माण सम्बन्धि कार्य सञ्चालन गर्दा भौतिक निर्माणको लागत अनुमान तयार गर्ने, विद्यालयसँग सम्झौता गर्ने, सोही वुँदा अनुसार तोकीए अनुसार किस्तामा रकम निकासा गर्ने तथा निर्माण सम्बन्धि सर्वेक्षण फाराम, लागत अनुमान, सम्झौता, मूल्याङ्कन प्रतिवेदन, नापि किताव तथा कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गराइ स्थानीय तह र विद्यालयमा राख्नुपर्ने साथै भौतिक निर्माणको अन्तिम किस्ता भुक्तानी गर्दा नापी किताव | २५,९००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भरेर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायबमोजिमको विद्यालयमा अनुदान उपलब्ध गराउदा लागत अनुमान, विद्यालयको सम्झौता, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन अनुगमन प्रतिवेदन लगायत कागजात नै पेश नगरी भुक्तानी दिएकोले निर्देशिकाले तोके बमोजिमका कागजात पेश गर्नुपर्ने रु. | |

| भौ.नं. | विद्यालयको नाम | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| ५,७,४७ | जेशिस मा.वि. | ४ कोठे भवन निर्माण | ३६००००००.० | विद्यालय भौतिक निर्माण तर्फ |
| ५,११,४७ | भृकुटी मा.वि. | ४ कोठे भवन निर्माण | ३६००००००.० | |
| ५,१२,४७ | वैज्यनाथ मा.वि. | ४ कोठे भवन निर्माण | ३६००००००.० | |
| ५,५७,४७ | युवावर्ष मा.वि. तिलकेनी | ४ कोठे भवन निर्माण | ३६००००००.० | |
| ४८ | पुर्ण मा.वि. ऐरी | रेट्रोफिटिङ्ग | १५००००००.० | |
| ५,४७ | भृकुटी मा.वि. महेन्द्रनगर | शौचालय निर्माण | ७०००००.० | |
| ५,४७ | जानकी कन्या मा.वि. महेन्द्रनगर | शौचालय निर्माण | ७०००००.० | |
| ५,४७ | लक्ष्मी मा.वि. वागफाटा | शौचालय निर्माण | ७०००००.० | |
| ५,४७ | शान्ति निकेतन मा.वि. ऐथपुर | शौचालय निर्माण | ७०००००.० | |
| ४६ | वैजनाथ मा.वि. नयातिलकपुर | २ कोठे भवन निर्माण | १८००००००.० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम |
| ४६ | पुर्णा मा.वि. ऐरी | २ कोठे भवन निर्माण | १८००००००.० | |
| ४६ | वि.पि. आ.वि. ओदाली | २ कोठे भवन निर्माण | १८००००००.० | |
| ४६ | सिद्धनाथ अमर मा.वि. गड्डाचौकी | २ कोठे भवन निर्माण | १८००००००.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>२५९००००००.०</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>

**शिक्षकको बढी पारिश्रमिक निकासा**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका शिक्षकको अवकाशको दिनसम्मको मात्र तलबभत्ता भुक्तानी गर्नुपर्नेमा पुरै चौमासिकको तलब भत्ता भुक्तानी गरेकोले बढी भत्ता वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकाश मिति</th><th>हुनुपर्ने निकासा</th><th>भएको निकासा</th><th>बढी निकासा</th><th>कैफियत</th></tr>
<tr><td>पुर्णा मा.वि. ऐरी</td><td>रुद्रविर जोशी</td><td>२०७७।६।३१</td><td>१९८०७७.०</td><td>२४९३०६.०</td><td>५१२२९.०</td><td>प्र.चौ.</td></tr>
<tr><td>महेश्वर मा.वि. सुकासाल</td><td>विस्ना जोशी</td><td>२०७८।२।२२</td><td>१२००९७.०</td><td>१७१५९८.०</td><td>५१५०१.०</td><td>ते.चौ.</td></tr>
<tr><td>पुर्णा मा.वि. ऐरी</td><td>डम्बरी विष्ट</td><td>२०७८।१।३१</td><td>९२३५०.०</td><td>१३४०४२.०</td><td>४१६९२.०</td><td>त.चौ.</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४१०५२४.०</td><td>५५४९४६.०</td><td>१४४४२२.०</td><td></td></tr>
</table>

</td><td>१४४,४२२</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>

**बालबिकास सहजकर्ता**

यस पालिकामा कुल १४१ बाल विकास केन्द्र संचालनमा रहेका छन् । २०७७।७८ को EMIS विवरण अनुसार बाल विकास केन्द्रमा जम्मा १४३४ जना बालबालिका रहेको देखिन्छ । जस अनुसार एक जना वाल विकास सहजकर्ताले औषतमा १०.१७ जनालाई मात्र अध्यापन गराउने गरेको छ । तराइको विद्यालयका एक जना शिक्षक बराबर २० जना विद्यार्थी हुनुपर्दछ । जसअनुसार यस पालिका जम्मा ७२ जना मात्र बाल विकास सहजकर्ता मात्र भए पनि पुग्ने देखिन्छ । तसर्थ बाल विकास सहजकर्ताको दरबन्दी मिलान गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | ३१० | २०७७-१२-२ | **बाहिरी चक्रपथ स्तरोन्नती तथा ट्र्याक निर्माण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्दछ। नियमावलीको नियम १२०(३) मा मनासिब कारण भएमा तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ। साथै नियम १२१ मा सम्झौताको अवधिभित्र योजना सम्पन्न नभएमा कार्यालयले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनको दरले निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ।कार्यालयले बाहिरी चक्रपथ स्तरोन्नती तथा ट्र्याक निर्माणको लागी मिती २०७७/२/२ मा बुढीघटाल निर्माण सेवासँग रु ५४०६२६०.० (मू.अ.कर समेत) सम्झौता गरेको छ।सो योजना सम्पन्न गर्नको लागी मिति २०७७/३/१५ सम्मको समयावधि तोकिएको छ।सो अवधिमा निर्माण सम्पन्न नभएपछी मिती २०७७/७/३० सम्म म्याद थप गरिएको छ।म्याद थप गरिएको अवधिमा समेत १कि.मि सडक कालोपत्रेको कार्यसम्पन्न नभएकोले, कार्यालयले सो बारे निर्माण व्यवसायीलाई मिती २०७७/११/४ मा लिखित स्पष्टिकरण माग गरेको छ।निर्माण व्यवसायीले मिती २०७७/११/९ मा पेश गरेको स्पष्टिकरणमा विवाद लगायतका कारण १ कि.मी सडक कालोपत्रे सम्झौता भएकोमा, ४०० मि मात्र कालोपत्रे भएको र अन्य सडक ट्र्याक खोल्ने कार्यमात्र भएको स्पष्टिकरण निर्माण सेवाले पेश गरेको छ।म्याद थपको लागी मानासिब कारण पेश नभएको अवस्थामा निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा, कार्यालयले सो बखतमा निर्माण भएको कार्यको मात्र नापजाँच गरी कुल रु २९१६९९३.० मा कार्यसम्पन्न जनाई योजना फरफारक गरेको छ।कार्यालयले घटी निर्माण कार्यमा कार्यस्वीकार गर्ने तथा कार्य पूरा हुन नसकेको सम्बन्धमा निर्णय गरेको छैन।यस सम्बन्धमा योजना सम्पन्न नहुँदै भुक्तानीको लागी सिफारिस गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै, निर्माण व्यवसायीबाट सो अवधिसम्मको हुने १२० दिनको पूर्वनिर्धारित क्षतिपूर्ति रु १७५०१९.० असुल गरी बाँकी कार्यसम्पन्न गराउनुपर्ने रु | १७५,०१९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | ४२२ | २०७८-२-१४ | **योजनाको म्याद थप नभएको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्दछ। नियमावलीको नियम १२०(३) मा मनासिब कारण भएमा तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ। साथै नियम १२१ मा सम्झौताको अवधिभित्र योजना सम्पन्न नभएमा कार्यालयले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनको दरले निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ।कार्यालयले ठेक्का नं 12/BTR/2077/78 को सडक कालोपत्रे गर्न राधा भानु निर्माण सेवा प्रा.लि सँग मिती २०७७/८/५ मा रु ३५०१३१४.० (मू अ कर समेत) मा सम्झौता गरेको छ।सम्झौता बमोजिक निर्माण व्यवसायीले मिति २०७८/२/१४ मा निर्माण कार्यसम्पन्न गर्नुपर्नेमा दोश्रो रनिङ्ग बिलबाट हालसम्म रु २८९४७३६.० को मात्र कार्यसम्पन्न भई रकम भुक्तानी भएको छ।म्याद समाप्तिपश्चात्त निर्माण व्यवसायीले म्याद थपको निवेदन पेश गरेको छैन भने कार्यालयले हालसम्म योजनाको म्याद थप गरेको छैन। तोकिएको अवधिमा योजनासम्पन्न नगरेकोले नियमावलीको व्यवस्था बमोजिम निर्माण व्यवसायीलाई असार मसान्तसम्म ४५ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति बापत हुन आउने रु ७८७८०.० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गराई बाँकि कार्यसम्पन्न गराउनुपर्ने रु | ७८,७८० |
| ४७ | | | **नेपाल प्रवेश गेट निर्माण**<br>नगरपालिकाले नेपाल प्रवेश गेट निर्माणको लागी रु १३४२६०५५.० (मू.अ.कर र कन्टिजेन्सी समेत) लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेको छ। बोलपत्रबाट छनौट भएको अस्मिता बिल्डर्स एण्ड कन्ट्रसन प्रा.लिसँग मिती २०७७/५/८ मा रु ७१३००१४.० (मू.अ.कर समेत) मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले मिती २०७७/१०/३० मा निर्माण सम्पन्न गर्नुपर्दछ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ४७.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आह्वान गर्न नहुने व्यवस्था गरिएको छ।कार्यालयले नेपाल प्रवेश गेट निर्माणको लागी निर्माण व्यवसायीलाई रु १२०००००.० पेश्की भुक्तानी गरेको भएतापनी निर्माणस्थल विवादका कारण योजनाको भौतिक प्रगती हुन नसकेकोले तोकिएको म्यादमा योजना सम्पन्न भएको छैन।निर्माण व्यवसायीले म्याद थप तथा साईट उपलब्ध गराउने निवेदन मिती २०७८/६/८ मा पेश गरेको भएतापनी साईट विवादका कारण हालसम्म योजनाको म्याद थप भएको छैन।नियमावलीको व्यवस्था अनुरुप निर्माण स्थलको व्यवस्थाबिना बोलपत्र आह्वान गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै, निर्माण व्यवसायीलाई भुक्तानी भएको पेश्की नियमानुसार असुल गर्नुपर्ने रु | १,२००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.२ | | | कार्यालयले उक्त भवन निर्माणको लागत अनुमान रु १३४२६०५५.० (मू.अ.कर र कन्टिजेन्सी समेत) तयार गरी बोलपत्र आह्वान गरेकोमा, बोलपत्र मूल्याङ्कन समितिको मिति २०७७/४/१३ को निर्णयले सबैभन्दा घटी रु ५३९८६८१.९७ (मू.अ.कर समेत) कबोल गर्ने आकाशदिप निर्माण सेवा प्रा.लि.को बोलपत्र छनौट गरी, सम्झौताको लागी पत्राचार गरेकोमा, उक्त फर्मले ठेक्का सम्झौता गरेको छैन । कार्यालयले सो बापत उक्त फर्मको धरौटी रकम रु २७९०००.० जफत गरी सो ठेक्का दोश्रो घटी कबोल गर्ने अस्मिता बिल्डर्स एण्ड कन्ट्रसन प्रा.लिसँग सम्झौता गरेको देखिन्छ।मनासिब कारणबिना घटी रकम कबोल गरी ठेक्का सम्झौता नगरेको कारण कार्यालयले दोश्रो ग्रह्याताको अस्मिता बिल्डर्स एण्ड कन्ट्रसन प्रा.लिसँग सम्झौता गर्दा व्ययभार रु १७३१३३३.७ बढ्न गएकोले तथा बोलपत्रमा मिलेमतो हनु सक्ने भएकोले, आकाशदिप निर्माण सेवा प्रा.लि.लाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६३, बमोजिम कारबाही गरी कालोसूचिमा राख्न सिफारिस गर्नुपर्दछ भने मिलेमतोको सम्बन्धमा छानबिन गरिनुपर्दछ। | |
| ४८ | | | **बोलपत्र ब्यवस्थापन** | |
| ४८.१ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ नियम १२४ मा त्रुटी सच्याउने अवधि समाप्त भए पछि कार्य सम्पादनको जमात रकम नियम १२३ ( ४ ) को अधिनमा रही भुक्तानी दिने ब्यवस्था गरेको छ । लेखारीक्षणको समयमा वडा २ को निर्माण सम्पन्न भएको कार्यालय भवन स्थलगत अवलोकन गर्दा भवन भित्र रहेका ६ वटा टवाइट मध्ये ४ वटा टवाइलट सिट बिग्रको निम्न फोटोबाट देखिन्छ । यसरी ठेक्काको त्रुटी सच्याउने अवधि नसकिदै बिग्रको भवनका निर्माण कार्य गराएर मात्र भुक्तानी दिनुको साथै नगरपालिकले निर्माण गराएका अन्य निमार्णका कार्यको समेत गुणस्तर अनुसार भए नभएको अनुगमन परिक्षण गर्न तर्फ ध्यान दिनु पर्दछ ।<br>No description available. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.२ | | | **खर्चमा मितब्ययिता:** सार्वजनीक खर्चमा मितब्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को बुदा न. ६ ( ६) मा कानुन बमोजिम गठन भएको समिति वा संचालक समितिको बैठकको लागी कार्यालय समय भन्दा बाहेक समयमा सम्पन्न बैठकको मात्र बैठक भत्ता उपलब्बध गराइने छ । एउटै निकाय र अन्तरगतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागी बैठक भत्ता उपलब्ध गराइने छैन भनी उल्लेख गरेको छ । यस नगरपालिका कार्यालयले सो प्राबधानको पालना नगरी नगरपालिका ,नगरपालिकाको कार्यबिधि अनुसार नगरपालिका भित्रका पदाधिधारी र कर्मचारी सहभागी भएको बैठकको निम्न भौचरबाट रू ३०८०००।००खर्च लेखेको नियम संगत देखिएन । । अत नगरपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ ।<br><table><tr><td>भौचर न.</td><td>बैठकको बिवरण</td><td>रकम</td></tr><tr><td>४९२।२०७८।३।८</td><td>बोलपत्र समितको बैठक र खरिद ईकाइको ५० पटक</td><td>२२६०००।००</td></tr><tr><td>४९५।२०७८।३।८</td><td>खरिद ईकाइ</td><td>८२०००।००</td></tr><tr><td></td><td>जम्मा</td><td>३०८०००</td></tr></table> | ३०८,००० |
| ४८.३ | 24 | २०७८-३-२४ | **बढी भुक्तानी:** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली२०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले वडा न.१९ सडक कालो पत्रेको कार्य गरे वापत प्रfबिधिक मुल्याङकन प्रतिबेदन अनुसार रश्मी बिल्डर्सलाई रू ६८५४५८।००भुक्तानी दिनु पर्नेमा रु ७००६२३।०० भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी हुन गएको रू १५१६५।०० असुल गरी सचित कोष दाखिला हुनु पर्दछ । | १५,१६५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.४ | 531 | २०७८-३-१५ | **प्रमाण बेगर भुक्तानी**:आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । नगरपालिका कार्यालयले ठेकका न. २ को कार्य मुल्याकंन अनुसार नागार्जुन निर्माण सेवालाई ल्याब टेष्टको रिपोट बेगर रू ५०००।००भुक्तानी दिएको देखिएकोले असुल गरी संचित कोष दाखिला हुनु पर्दछ । | ५,००० |
| ४९ | | | **शब्जिमण्डी नाला निर्माणमा बढि लागत अनुमान कायम गरिएको**<br>भिमदत्त नगरपालिका स्थित शब्जीमण्डीमा नाला निर्माणको लागी कार्यालयले रु २५९७४०२५.० लागत अनुमान कायम गरी मिती २०७७/११/७ मा बोलपत्र आह्वान गरेको छ।सो बोलपत्रबाट छनौट भएको शनिदेव भौनेली जे.भिसँग मिती २०७८/२/४ मा कार्यालयले रु १३७०३९२०.० मा नाला निर्माण कार्यसम्पन्न गर्ने गरी योजना सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले सोको निर्माण कार्य मिती २०८०/२/४ मा सम्पन्न गर्नुपर्दछ भने निर्माण कार्यको लागी हालसम्म रु १२०००००.० पेश्की भुक्तानी भएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निमन्नानुसार रहेका छन्। | |
| ४९.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(१) मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। योजनाको लागत अनुमानमा Stone Masonary Wall निर्माणको लागी प्रति घ.मि रु १०२७३.० को दरले कुल २०९८ घ.मि कार्यको रु २१५५२७५४.० लागतअनुमान रहने गरी स्वीकृत गरिएको छ।नगरपालिका द्वारा आ.व २०७७/७८ को स्वीकृत दरविश्लेषणमा Stone Masonary Wall निर्माणको लागी प्रति घ.मि रु ९६७८.० को दर स्वीकृत भएको छ।नगरपालिकाको स्वीकृत दरभन्दा प्रति घ.मि रु ५९५ बढी राखी सो बापत रु १२४८३१०.० बढी लागत अनुमान कायम गरी बोलपत्र गरेकोले, व्ययभार बढ्न गएको छ । स्वीकृत लागत अनुमानभन्दा बढी लागत कायम गरी बोलपत्र आह्वान गर्ने पदाधिकारीलाई यस सम्बन्धमा जिम्मेवार बनाउनुपर्दछ। | |
| ४९.२ | | | योजनाको निर्माण सम्झौता पश्चात्त निर्माण व्यवसायीले सम्झौता अवधि समाप्त भएपश्चात्त Defect Liability Period सम्म म्याद रहेको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेमा निर्माण व्यवसायीले मिती २०७९/७/९ सम्ममात्र म्याद भएको कार्यसम्पादन जमानत पेश गरेको छ। सम्झौताको अवधि अनुसार कार्यसम्पादन जमानत रकम रु ४८७२१९०.० को मिती २०८१/३/४ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | २१६ | २०७७-९-२७ | **ईन्स्युरेन्सको बिल पेश नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा रकम भुक्तानी गर्नुपर्दछ । कार्यालयले वडा नं १३ को भवन निर्माणको अन्तिम बिल बापत वाई आर कन्स्ट्रक्सन प्रा.लिलाई रु ३२६५५२९.० भुक्तानी गरेको छ। योजनाको नापी किताब अनुसार पि.एस्. आईटको ईन्स्युरेन्स बापत रु १४२५२६.० (मू.अ.कर समेत) भुक्तानी गरेकोमा, निर्माण व्यवसायीले सोको बिल बिजक पेश गरेको छैन । बिल बिजकबिना योजनमा सो बापत भुक्तानी भएको रु रु १४२५२६.० (मू.अ.कर समेत) सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | १४२,५२६ |
| ५१ | | | **बाह्य चक्रपथ निर्माण**<br>नगरपालिकाको बाह्य चक्रपथ ८३ कि.मि निर्माण गर्न गरी डि.पि.आर तयार गरी चक्रपथ निर्माणको पहिलो खण्ड अन्तर्गत ब्रह्मदेव तिलकेनी बाह्य चक्रपथ निर्माण गर्न पि.एस.उच्चकोटी जे.भि सँग मिती २०७७/१/२२ मा रु ६०७५५३९९.० (मू.अ.कर समेत) मा सम्फौता गरेको छ।सम्फौता अनुसार २.३ कि.मि सडक खण्ड मिती २०७८/३/३१ मा सम्पन्न गर्ने गर्नुपर्दछ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ५१.१ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्दछ। नियमावलीको नियम १२०(३) मा मनासिब कारण भएमा तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ। साथै नियम १२१ मा सम्झौताको अवधिभित्र योजना सम्पन्न नभएमा कार्यालयले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनको दरले निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ।निर्माण व्यवसायीले योजनाको तोकिएको अवधिमा योजनाको निर्माण कार्यसम्पन्न गरेको छैन भने म्याद थपको लागी निवेदन समेत पेश गरेको छैन।स्थलगत निरिक्षणको क्रममा हाल निर्माणस्थलमा कुनै पनि निर्माणको कार्य भएको छैन ।तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार पूर्वनिर्धारित क्षतिपूर्ति लगाई बाँकी कार्यसम्पन्न गराउनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५१.२ | | | सडक निर्माण बापत कार्यालयले निर्माण व्यवसायीलाई पाचौँ रनिङ्ग बिलसम्ममा रु ४१७३८०३४.० (मू.अ.कर समेत) भुक्तानी गरेको छ।पाचौँ रनिङ्ग बिलमा Providing and Laying Base को लागी २४०७.५ घ.मि कार्य मापन गरी कार्यालयले निर्माण व्यवसायीलाई रु ६०१८७५०.०(मू.अ.कर बाहेक) भुक्तानी गरेको छ।स्थलगत निरिक्षणको क्रममा निर्माण भएको Base वर्षाले भत्काई हाल सो संरचना काम नलाग्ने अवस्थामा रहेको छ।ठेक्का सम्झौता बमोजिम Hume Pipe, Culvert को समेत कार्य नभएकोले हालको अवस्थामा सडक कालोपत्रे गर्न मिल्ने नदेखिएकोले, निर्मित संरचनाको Maintenance गर्न लगाई सडक कालोपत्रे गराईनुपर्ने अन्यथा Providing and Laying Base बापत भुक्तानी भएको रु ६०१८७५०.० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु  | ६,०१८,७५० |
| ५१.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिदको तयारी गर्दा खरिदको आवश्कता पहिचान गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले बाह्य चक्रपथ निर्माणको डि.पि.आर अनुसारको ८१ कि.मि सडकमध्ये हाल २.३ कि.मि निर्माणको मात्र कार्य अघि बढाएकोमा बाँकि सडक निर्माणको सुनिश्चितता हालसम्म भएको छैन।स्थलगत निरीक्षणको क्रममा हाल ब्रह्मदेवमा निर्माण भईरहेको सडक जोडिने गरी अघि वा पछि कालोपत्रे वा चालु अवस्थामा रहेको सडक छैन भने सडक निर्माण हुने क्षेत्रमा गाउँटोल तथा बसोबास समेत रहेको नदेखिएकोले, सो स्थानमा मात्र चक्रपथको केही खण्ड निर्माणको आवश्यकता पुष्टि हुँदैन।चक्रपथको केहि अंश मात्र कालोपत्रे सडक निर्माण गरी, बाँकी खण्डको निर्माण तथा विस्तारको सुनिश्चत्तताबिना नगरपालिकाको लगानीको महत्तम प्रतिफल हाँसिल हुने देखिँदैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **नगरपालिकाको मूख्य प्रशासनिक भवन निर्माण**<br>नगरपालिका र निर्माण व्यवसायी अनक जोशी जे भी विच मिति २०७८।२।१३ मा रू १६४९७६१६२। मा मिति २०८०।२।१२ मा सम्पन्न गर्ने गरी सम्झौता भएको ठेक्का फाईल परीक्षण गर्दा देखिएका व्यहोराहरू निम्नानुसार छन् । | |
| ५२.१ | | | **ठेक्का कागजातः** सार्वजनिक खरिद नियमावलीको नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाईल खडा गरी तोकिएका अभिलेखहरू राख्नु पर्ने एवं त्यस्ता अभिलेखहरू खरिद कारवाही टुंगो लागेको कम्तीमा सात वर्ष सम्म सुरक्षित राख्नु पर्ने भन्ने व्यवस्था छ । पालिकाले यस खरिद लगायत अन्य खरिद कार्यको ठेक्का छनौट भईसके पश्चात ठेक्का सम्झौता साथ विड कागजातहरू खरिदका दुवै पक्षहरूवाट प्रमाणित गरी छुट्टै अभिलेख खडा गरी राखेको पाइएन । खरिद नियमावलीमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| ५२.२ | | | **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद नियमावलीको नियम ११० वमोजिम निर्माण कार्यको कार्य सम्पादन जमानत त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना अवधिको हुनु पर्ने व्यवस्था छ । ठेक्का सम्झौताको अवधि १२ जेष्ठ २०८० सम्म रहेकोमा जमानतको अवधि १२ आषाढ २०८१ सम्मको हुनु पर्नेमा १३ जेष्ठ २०८० सम्मको मात्र पेश गरेको पाइयो । नियममा भएको अवधि सम्मको कार्य सम्पादन जमानत पेश हुनु पर्दछ । | |
| ५३ | | | **नगरप्रमुख लघु उधम कार्यक्रमः**<br>नगरपालिकाले लघु उधम कार्यक्रम कार्यविधि २०७७ तयार गरी बैदेशिक रोजगार वाट फर्किएका युवाहरूलाई उधमशिलता प्रवर्धन गर्ने प्रयोजनाका लागि नगरप्रमुख लधु उधम कार्यक्रम स्थापना गर्न सक्ने व्यवस्था वमोजिम नगर कार्यपालिकाले कोष स्थापना गर्ने निर्णय गरेको बमोजिम रू १ करोड रूपैयाको कोष स्थापना गरी नेपाल बैक लिमिटेड मुद्दती खातामा जम्मा गरेको पाइयो । कोषवाट हाल सम्म १५ जना युवाहरूलाई यही कोषको जमानीमा विना धितो उधम कर्जा प्रवाह गरेको भनी बैकवाट सुचना प्राप्त भएकोमा पालिकावाट उधमी छनौट लगायत अन्य प्रकृयागत विषयहरू र मुद्दती प्रमाणपत्र लेखापरीक्षणका लागि प्राप्त हुन सकेन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४</td><td></td><td></td><td>लागत अनुमान<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाख रुपैया भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमको लागत अनुमान तयार पारेको छैन् । लागत अनुमान बिना भुक्तानी भएको कार्य नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी प्राप्तकर्ता</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>२४८।०७७।७। २८</td><td>मेयर उद्यमशिलता विकास कार्यक्रम निर्देशिका निर्माणको लागि</td><td>अल नेपाल रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.</td><td>४०००००</td></tr>
<tr><td>७८५/७८६। ०७७।१२।१</td><td>४३ औं वर्ष समारोहमा भिडियो छायाङ्कन</td><td>विशाल मिडिया हब र सुदूर मिडिया प्रा.लि.</td><td>१०००००</td></tr>
<tr><td></td><td>नक्सा पास सम्बन्धी कार्यको लागि इलेक्ट्रोनिक बिलिङ्ग पेयमेन्ट सिस्टम नामक सफ्टवेयर खरिद गरिएको ।</td><td></td><td>४९८३३०</td></tr>
<tr><td>७६।०७८।३।२०</td><td>कोरोना सम्बन्धी जनचेतनामूलक सन्देश निर्माण (प्रकोप चालु)</td><td>आमसञ्चार मिडिया प्रा.लि.</td><td>३३५६१०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३३३९४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्ने व्यवस्था छैन् । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै खरीद गरेको पाइयो । बिभिन्न आपूर्तकबाट प्रतिष्पर्धा नगरी सोझो खरिद गर्ने कार्य अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रु.</th><th>कैफियत</th></tr>
<tr><td>१३८।०७७।७।६</td><td>इलेक्ट्रोनिक्स सामाग्री</td><td>२०२०१९</td><td>केदार इलेक्ट्रीकल्स एण्ड सप्लायर्स</td></tr>
</table></td><td>६,०३१,९२९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १६१।०७७।७।२० | कम्प्युटर तथा इलेक्ट्रीक सामाग्री | १५४९८० | हाइटेक कम्प्युटर सेन्टर | |
| | | | १६२।०७७।७।२० | कम्प्युटर तथा इलेक्ट्रीक सामाग्री | ९४४९९ | उग्रतारा ट्रेड सप्लायर्स | |
| | | | २०२।०७७।७।२५ | इलेक्ट्रोनिक्स सामाग्री | ५५०८८ | हाइटेक कम्प्युटर सेन्टर | |
| | | | २३२।०७७।७।२५ | इलेक्ट्रोनिक्स सामाग्री | ३४७२०७ | उग्रतारा ट्रेड सप्लायर्स | |
| | | | १०८।०७७।७।२ | इलेक्ट्रोनिक्स सामाग्री | १६९२०९ | केदार इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | |
| | | | ४२६।०७७।९।२० | इलेक्ट्रोनिक्स सामाग्री | २०२५०० | केदार इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | |
| | | | ८५३।०७७।१२।९ | इलेक्ट्रोनिक्स सामाग्री | ९३९२५ | केदार इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | |
| | | | ८७७।०७७।१२।१२ | इलेक्ट्रोनिक्स सामाग्री | ८६०५० | हाइटेक कम्प्युटर सेन्टर | |
| | | | १०६५।०७८।२।१४ | इलेक्ट्रोनिक्स सामाग्री | ५३१६९ | केदार इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | |
| | | | १०६६।०७८।२।१४ | इलेक्ट्रोनिक्स सामाग्री | ६७०७२ | केदार इलेक्ट्रीकल्स एण्ड सप्लायर्स | |
| | | | १११६।०७८।२।२५ | इलेक्ट्रोनिक्स सामाग्री | ७०८०४ | उग्रतारा टेक्नीकल गुड्स | |
| | | | १६९।०७७।७।२० | कार्यालय सामाग्री | २३६८२३ | गोपाल एण्ड ब्रदर्श | |
| | | | ३२५।०७७।८।२३ | कार्यालय सामाग्री | २३००५२ | जोशी ट्रेड एण्ड सप्लायर्स | |
| | | | ३३६।०७७।८।२३ | कार्यालय सामाग्री | १०३८४७ | उग्रतारा ट्रेड एण्ड सप्लायर्स | |
| | | | ३७४।०७७।८।३० | कार्यालय सामाग्री | १३४५०३ | कञ्चन राष्ट्रिय कपी उद्योग छापाखाना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३७५।०७७।८।३० | कार्यालय सामाग्री | ८३८४६ | कञ्चन राष्ट्रिय कपी उद्योग छापाखाना | | |
| | | | | ४१५।०७७।९।१६ | कार्यालय सामाग्री | ३५०६०६ | जयलक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | | |
| | | | | ५९८।०७७।१०।२० | कार्यालय सामाग्री | १९६५०७ | उग्रतारा ट्रेड एण्ड सप्लायर्स | | |
| | | | | ८१८।०७७।१२।५ | कार्यालय सामाग्री | १०२९१७ | अनुराग स्टेशनरी एण्ड सप्लायर्स | | |
| | | | | ८९३।०७७।१२।१८ | कार्यालय सामाग्री | ७८२२५ | ज्ञान भण्डार | | |
| | | | | १०५४।०७८।२।१३ | कार्यालय सामाग्री | १११९४१ | चाँदनी स्टेशनरी | | |
| | | | | १११५।०७८।२।२५ | कार्यालय सामाग्री | ९२०८८ | गोपाल ब्रदर्श एण्ड सन्स | | |
| | | | | १४८।०७७।७।१९ | स्टेशनरी सामाग्री | ६३८३० | हाम्रो पुस्तक पसल | | |
| | | | | १४९।०७७।७।१९ | स्टेशनरी सामाग्री | १०७९८४ | हाम्रो पुस्तक पसल | | |
| | | | | १९२।०७७।७।२३ | स्टेशनरी सामाग्री | ६३७७५ | हाम्रो पुस्तक पसल | | |
| | | | | ४१६।०७७।९।१६ | स्टेशनरी सामाग्री | १४२५७५ | हाम्रो पुस्तक पसल | | |
| | | | | ६३२।०७७।१०।२० | स्टेशनरी सामाग्री | ४३४७२ | हाम्रो पुस्तक पसल | | |
| | | | | ६३३।०७७।१०।२० | स्टेशनरी सामाग्री | ३०४७५ | हाम्रो पुस्तक पसल | | |
| | | | | ७१२।०७७।११।२४ | स्टेशनरी सामाग्री | ९४१९२ | हाम्रो पुस्तक पसल | | |
| | | | | ८१७।०७७।१२।५ | स्टेशनरी सामाग्री | ५९०२१ | हाम्रो पुस्तक पसल | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ८९२।०७७।१२।१८ | स्टेशनरी सामाग्री | ३५४४० | हाम्रो पुस्तक पसल | | |
| | | | | १०५६।०७८।२।१३ | स्टेशनरी सामाग्री | ५७८०६ | हाम्रो पुस्तक पसल | | |
| | | | | १०५६।०७८।२।१३ | स्टेशनरी सामाग्री | ६९०९३ | हाम्रो पुस्तक पसल | | |
| | | | | १८७।०७७।७।२१ | फर्निचर सामाग्री | ३५८८६३ | न्यू मेहरा स्टील फर्निचर | | |
| | | | | २०७।०७७।७।२५ | फर्निचर सामाग्री | २०१७८९ | न्यू मेहरा स्टील फर्निचर | | |
| | | | | ४०२।०७७।९।१२ | फर्निचर सामाग्री | २०७००० | बागेश्वरी सः मिल तथा फर्निचर | | |
| | | | | ४२५।०७७।९।२० | फर्निचर सामाग्री | ९८६४९ | न्यू मेहरा स्टील फर्निचर | | |
| | | | | १०७३।०७८।२।१६ | फर्निचर सामाग्री | ९६०५० | न्यू मेहरा स्टील फर्निचर | | |
| | | | | १८८।०७७।७।२१ | सरसफाई सामाग्री | २२४९४९ | जय लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | | |
| | | | | ८५२।०७७।१२।९ | सरसफाई सामाग्री | १५२९१० | जय लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | | |
| | | | | १०७६।०७८।२।१७ | सरसफाई सामाग्री | ९८९८८ | जय लक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स | | |
| | | | | ३४३।०७७।८।२५ | पाठ्यक्रम छपाई | १८५९४१ | अनुराग स्टेशनरी एण्ड सप्लायर्स | | |
| | | | | ३४४।०७७।८।२५ | पाठ्यक्रम छपाई | ३२२०५० | तेजल प्रिन्टिङ्ग | | |
| | | | | जम्मा | | ६०३१९२९ | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै खरीद गरेको पाइयो । विभिन्न आपूर्तकबाट प्रतिष्पर्धा नगरी सोझो खरिद गर्ने कार्य अनियमित देखिएको रु.<br>
<table>
<tr><th>गो भौ नं र मिति</th><th>खरिद गरेको फर्म</th><th>सामानको विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>७८।०७८।३।२५</td><td>विशाल ह्युम पाइप</td><td>ह्युम पाइप</td><td>४९९२००</td></tr>
<tr><td>८०।०७८।३।२५</td><td>हिमांशु कंक्रिट उद्योग</td><td>ह्युम पाइप</td><td>४९३४७१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९२६७१</td></tr>
</table></td><td>९९२,६७१</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>कृषि, पशु, विद्यालय तथा खानेपानी अनुदान<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सडक गुरु योजना र अभिलेख<br>पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **सोझै खरिद** | |
| ५८.१ | | | **कोभिड पुनस्थापना कार्यक्रम:** भिमदत्त नगरपालिकाका पिछडिएका बर्गलाई कृर्षि ब्यावसायमा निर्भर बनाउन तथा कृषिलाई ब्यावसायिक रूपमा बिकास गराउनका लागी भिमदत्त नगरपालिका र UNDP को साझेदारीमा कोभिड पुनस्थापना कार्यका लागी समपुरक कार्यमा सहयोग गर्नका लागी सम्झौता गरेको देखिन्छ । यसरी सम्झौता भएको कार्य कार्यान्वयनमा ल्याउन नगरपालिकाले किसानलाई बितरणको लागि भनी निम्न भौचरबाट रू ३३१८९८०।००सोझै खर्च लेखेको देखिन्छ भने UNDP संस्थाबाट उक्त कार्यको लागी के कति प्रबदनात्मक खर्च गरेको छ। सो को अभिलेख नगरपालिका कार्यालयसंग रहेको देखिएन साथै नगरपालिकाले समेत निर्माणका सामाग्री सिमेन्ट सरिया शौचालयका समान, प्लाष्टिक, कृर्षि समान खरिद गरी बितरण गरेको भन्ने भनाई रहेकोमा उक्त समानबाट आवश्यक्ता अनुसारका कार्य गरे नगरेको नगरपालिकाले अनुगमन गरी प्रतिबेदन राखेको देखिएन । अत नगरपालिका कार्यालयले आर्थिक बर्ष २०७७।७८मा कोभिड रिकोभरी कार्यक्रममा के कति जनालाई समान बाडेको हो उक्त कार्यबाट के कस्तो सकरमत्मक प्रभाव पर्यो अनुगमन गरी समिक्षा प्रतिबेदन तयार गर्नु पर्दछ । निम्न भौचर अनसार खरिद गरेको समानको बितरण भर्पाई पेश हुनु पर्दछ। | ३,३१८,९८० |

| भौचर न | समानको नाम | पार्टीको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| ४१५।२०७८।२।६ | ११ वटा ठेला गाडी खरिद | ठकुराठी इन्टरप्राईजेज | ४३९९९९ | बितरण भरपाई नभएको |
| ४१९।२०७८।१।१७ | बिभिन्न मान खरिद | सुमन टेड्र्स | ४६७५०५ | बितरण भरपाई नभएको |
| ३०५।२०७७।१२।१ | कृर्षिको समान खरिद | न्यु श्री हिमाल ईन्टरप्राइजेज | ४६५००० | बितरण भरपाई नभएको |
| ३०६।२०७७।१२।१ | सामग्री खरिद | गुरू श्री एग्रीकल्चर | ३००००० | बितरण भरपाई नभएको |
| २५९।२०७७।१०।२० | सामग्री खरिद | गुरू श्री एग्रीकल्चर | ३३०००० | बितरण भरपाई नभएको |
| १७५।२०७७।९।२० | प्लाष्टिक खरिद | बि.जे. एग्रो टेडिङ सप्लार्स | ३००००० | बितरण भरपाई नभएको |
| १५८।२०७७।९।१२ | सामग्री खरिद | एस.के.बि एग्रो सप्लार्स | १३०००० | बितरण भरपाई नभएको |
| १२९।२०७७।८।२३ | प्लाष्टिक खरिद | बि.जे. एग्रो टेडिङ सप्लार्स | ४७६२०० | बितरण भरपाई नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७५।२०७७।७।१७</td><td>समान खरिद</td><td>न्यू शेखर टेड्रस एण्ड सप्लार्स</td><td>४१०२७६</td><td>बितरण भरपाई नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३३१८९८०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.२</td><td></td><td></td><td>नगरपालिका कार्यालयले शुक्लाफाट एग्रो एलिमेरिनलाई हयाचरी मेशिन खरिद स्थापनाको लागी ५० प्रतिशत अनुदान भौचर न. ५८६,२०७८।३।२५ बाट रू ५००००० भुक्तानी दिएको देखिन्छ । यसरी नगरपालिका कार्यालयले हयाचरी स्थापनाको लागी दिएको रकमबाट उक्त पार्टीले हयाचरी मेशिन खरिद गरी हयाचरी स्थापना गरे नगरेको कार्यालयले अनुगमन गरेको देखिएन ।अत नगरपालिका कार्यालयले हयाचरी मेशिन खरिद गरि स्थापना गरेको प्रमाण पेश गर्नु पर्दछ ।</td><td>५००,०००</td></tr>
<tr><td>५८.३</td><td></td><td></td><td>जिन्सी दाखिला : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयलाई पाप्त मालसमानको बिवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी समान खातामा आम्दानी बाधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले आर्थिक बर्ष २०७७।७८मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन । यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पुर्ण बिवरण खुल्ने अवस्था देखिन । अत नगरपालिका कार्यालयले जिन्सी दाखिला गर्दा मुल्यमा सम्पती तथा समानको स्पेशिपिकेशन सहितको बिवरण खुलाई जिन्सी किताबमा आम्दानी जनाउनु पर्दछ । केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर न.</th><th>समानको नाम</th><th>मुल्य</th><th>कैफिएत</th></tr>
<tr><td>४१८।२०७८।२।१३</td><td>मोटरसाईकल खरिद</td><td>२६२९००</td><td>चेसिस सहितकोस्पेसिफिकेशन खुलाई दाखिला नगरेको</td></tr>
<tr><td>६२५।२०७८।३।९</td><td>शवबहान खरिद</td><td>२८५००००</td><td>चेसिस सहितकोस्पेसिफिकेशन खुलाई दाखिला नगरेको</td></tr>
<tr><td>३३९।२०७७।१२।९</td><td>हाईडीलिक टक्टर खरिद</td><td>२७२७२४०</td><td>चेसिस सहितकोस्पेसिफिकेशन खुलाई दाखिला नगरेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५८.४</td><td></td><td></td><td>एकै प्रकृतिको समान खरिद :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१)मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य</td><td>६,९९९,१२२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्रुक्रा गरी र एउटै पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र एउटै ब्यक्ती वा पार्टीसंग पटक पटक खरिद गरेको रु ६९,९९,१२२।००नियमसंगत भन्न सकिएन ।अत नगरपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

**एउटै ब्यक्ती वा पार्टीबाट**

| सि.न. | भौचर न. | कामको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|---|
| १ | ५६८।२०७८।३।२० | कम्पयुटर डेस्टप खरिद | उग्रतारा टड्र्स सप्लार्स | ३७११९९ |
| २ | ५२८।२०७८।३।१४ | स्टेवलाईजर खरिद | उग्रतारा टड्र्स सप्लार्स | ४५५२७७ |
| ३ | ४९७।२०७८।३।८ | निर्माण सामाग्री खरिद | उग्रतारा टड्र्स सप्लार्स | ११५९९८ |
| ४ | ४३३।२०७८।१।१७ | कम्प्युटर खरिद | उग्रतारा टड्र्स सप्लार्स | ३४२४८२ |
| ५ | ५३०।२०७८।३।१५ | वडा न. ९ सडक निर्माण | जयदोगडा निर्माण सेवा | ४८८४०० |
| ६ | ४४६।२०७८।२।२५ | ईलेक्टीकल समान खरिद | केदार ईलेक्टीकल सप्लायर्स | १४३६५० |
| ७ | २६०।२०७८।१।२० | ईलेक्टीकल समान खरिद | केदार ईलेक्टीकल सप्लायर्स | ३७७०५४ |
| ८ | १२९।२०७७।८।२३ | ल्यापटप खरिद | बोहरा ईलेक्टिकल सप्लायर्स | १९१३०९ |
| ९ | १२६।२०७७।८।१२ | स्लेक्टीकल समान | बोहरा ईलेक्टिकल सप्लायर्स | ४९७२०० |
| | | जम्मा | | २९८२५६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | एउटै समान फरक पार्टीबाट खरिद | |
| ५९ | | | **परामर्श र वाहय कार्यको भुक्तानी** | |

| सि.न. | भौचर न. | कामको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|---|
| १ | ६१८।२०७८३।२६ | एसि.टी.भि जडान | ईस्मोटल ग्रुप प्रा.लि. | ४००००० |
| २ | ६४४।२०७८३।२८ | एसि.टी.भि जडान | राइट आइटी सोलुशन | ३००००० |
| ३ | ५२६।२०७८।३।१४ | वडा न. ३ बोरिङ नर्माण | निराजन कन्स्टकशन | ४८०१७६ |
| ४ | ५२६।२०७८।३।१४ | वडा न. ३ बोरिङ नर्माण | अमृत कन्स्टकशन | ४५८३५९ |
| ५ | १५९।२०७७।९।२ | वडा न. ३ बोरिङ नर्माण | एच् एम एग्रिकल्चर | ४८८४२७ |
| ६ | ३६६।२०७८।१२।१८ | हयुमपाइप खरिद बाहिर चक्रपथ | शनिदेव निर्माण सेवा | ४८०३६३ |
| ७ | ३६५।२०७८।१२।१८ | हयुमपाइप खरिद बाहिर वड ९ | मित्र बिल्डिङ प्रा.लि. | ४८०३६३ |
| ८ | ३४०।२०७८।१२।६ | हयुमपाइप खरिद वडा न.९ | मैनाली निर्माण सेवा | ३८३०७० |
| ४ | ३००।२०७७।१२।२८ | वडा न. ७ बोरिङ नर्माण | एच एम एग्रिकल्चर | २५५२४५ |
| ९ | १५१।२०७७।८।९ | वडा न. ७ बोरिङ नर्माण | एच एम एग्रिकल्चर | २९०५५० |
| | | जम्मा | | ४०१६५५३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.१ | | | **प्रस्ताव मुल्याङ्कन :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङ्कन गर्दा मुल्यांकन समितिका प्रत्येक सदस्यले छुटटा छुटै मुल्याङ्कन गरी प्रस्तावदाताले पाप्त गरेको अकं एकिन गर्नु पर्नेछ र त्यसरी पाप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पाप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले सो नगरी सयुक्त रुपमा ६ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समापेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्यांकन गरी निधारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको प्र्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन । | |
| ५९.२ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनकोआधारमा भुक्तानी गर्नु पर्ने ब्यवस्था रहेको छ । यस नगरपालिका कार्यालयले निम्न स्थानमा बिधुतीकरणको कार्यको लागी लागत अनुमानका आधारमा बिधतु प्राधिकरण कार्यालय कंचनपुरलाई रू ८७१२७८।०० खर्च लेखी पठाएकोमा बिधुत प्राधिकरण कार्यालयले उक्त कार्यको कार्य सम्पन्न प्रतिबेदन नगरपालिका कार्यालयमा पठाएको देखिएन । अत नगरपालिका कार्यालयले कार्य सम्पन्न भएको प्रमाण पेश गर्नु पर्दछ। | ८७१,२७८ |

| भौचर न. | काम नाम | रकम | कैफिएत |
|---|---|---|---|
| ४७८।२०७८।३।३ | वडा न.१४ बिधुतिकरण | २३६७०० | सम्पन्न प्रतिबेन नभएको |
| ४४२।२०७८।२।५ | वडा न.१८ बिधुतिकरण | ४९९९७५ | सम्पन्न प्रतिबेन नभएको |
| ४७९।२०७८।३।३ | वडा न.१ बिधुतिकरण | १३४६०३ | सम्पन्न प्रतिबेन नभएको |
| | जम्मा | ८७१२७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.३ | | | **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रमअनुसार देहायब मोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| गोवरियाखोला पुल र महाकाली नदी पुलको डिपिआर | ग्रुपफर सिभिल एण्ड आर्किटेक्चर सर्भिस प्रा.लि. | १९९६९२२ | १९९६९२२ |
| महाकाली नदी किनारामा भ्यु टावरको डिपीआर | ग्रुप फर सिभिल एण्ड आर्किटेक्चर सर्भिस प्रा.लि | १९९६३७६ | १९९६३७६ |
| गतडी खोला पुलको डिपिआर | मल्ल एण्ड ग्रुप इन्जिनियरिङ एसोसिएस्ट्रस प्रा. लि | ५९८६७४ | ५९८६७४ |
| सब्जीमन्डीको डीपिआर | मल्ल एण्ड ग्रुप इन्जिनियरिङ एसोसिएस्ट्रस प्रा. लि | १४९६७९८ | १४९६७९८ |
| अमर सहिद भीमदत्त स्मृती पार्क डीपिआर | मल्ल एण्ड ग्रुप इन्जिनियरिङ एसोसिएस्ट्रस प्रा. लि | १९९६७१० | १९९६७१० |
| कालिखोला पुल वडा न.१९ डिपिआर | मल्ल एण्ड ग्रुप इन्जिनियरिङ एसोसिएस्ट्रस प्रा. लि | ११०१३७६ | ११०१३७६ |
| जम्मा | | ९१८६८५६ | ९१८६८५६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९.४ | 83 | | **लागत अनुमान** लागत अनुमान तयार गर्दा लिएको नम्र्सलाई आधारमानी कार्यालयले सम्झौता गरी भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयले लागत अनुमानको नम्स विपरित विशेषज्ञ वा परामर्शदाता थप गरेको प्रमाण उल्लेख नगरी सोही सम्झौतालाई आधार मानी कार्यालयले प्राप्त सर्भे रिपोर्टका आधारमा भुक्तानी दिएको देखिन्छ । परामर्श सेवाको दररेट पुनरावलोकन समितिले लागत अनुमानमा आवश्यक पर्ने नम्स दररेट निर्धारण गरी कार्य गर्ने स्पष्ट रुपमा अवधि समेत उल्लेख गरेकोमा यस कार्यालयले दररेटमा पेश भएको बिवरण अनुसारका बिज्ञ ब्यक्तिको कार्य अवधि तोकिएको भन्दा घटी समय कार्य गरेको अवस्थामा समेत सम्झौता वमोजिम कार्य गरेको भनी भुक्तानी दिएको देखिएकोले सम्झौतामा उल्लेखित भन्दा वढी दरले विशेषज्ञ परामर्शदातालाई उपलव्ध गराएको तपसिलमा उल्लेखित रकम असुल हुनु पर्ने देखिएको रु २१७६००।०० | २१७,६०० |

| कार्यक्रमको नाम | परामर्शदाताको नाम | बिशेषज्ञ पद | लागत अनुमान अवधि | काम गरेको अविध | फरकबढी दिनको भुक्तानी | दर | रकम |
|---|---|---|---|---|---|---|---|
| महाकाली नदी लगाएत्का खोलाको आईई परीक्षण | लोकल एक्शन फर ग्लोवल हेल्थ एण्ड ईन्भाइरोमेन्ट टेडिङ एण्ड रिसर्च सेन्टर | टिम लिडर | १५० दिने वा ५महिना | ९७ | ५३ | ३६३३ | १९२५६६ |
| | मु.अ.कर. | | | | | | २५०३३ |
| | जम्मा | | | | | | २१७६०० |

परामर्शदाताको आवश्यक्ता हो वा होइन र परामर्श दाताले वुझाएको रिपोट वास्तविक फिल्ड अनुगमन सर्वेक्षण गरेर गरेको हो वा कार्यालयले विगतका तथ्याङ.कहरु उपलव्ध गराई दिएर सोही अनुसार तयार गरेको हो भन्न सकिएन । अत यस्ता कार्यमा कार्यालयले वास्तविक अवस्थाको एकिन गरी जति अवधि कार्य गरेको हो त्यसको मात्र मूल्याङ.कन गरी वांकी कार्यको भुक्तानी समेत असुली गर्नु पर्ने देखिन्छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९.५</td><td></td><td></td><td>दोहोरो सेवा भुक्तानी: आर्थिक कार्यबिधि तथा बित्तियउत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले निम्न स्थानको बिधुतीकरण कार्यको लागी लागत अनुमानमा ५ प्रतिशत कन्टेजेनसी रकम समेत थप गरेकोमा पुन १० प्रतिशत सर्भिस चार्ज भनी रू ५९४४२।०० भुक्तानी दिएको देखिएकोले कार्यालयले एकिन गरी सर्भिस चार्ज वापतको रकम असुल गर्नु पर्दछ ।
<table>
<tr><th>भौचर न.</th><th>कामको स्थान</th><th>भुक्तानी रकम</th><th>कन्टेजेन्सी रकम</th><th>सर्भिस चार्ज</th></tr>
<tr><td>४७८।२०७८।३।८</td><td>वडा न. १४ बिधुतीकरण</td><td>२३६७००</td><td>८९८१</td><td>१८८६०</td></tr>
<tr><td>४४२।२०७८।२।२५</td><td>वडा न. १८ बिधुतीकरण</td><td>४९९९७५</td><td>१९३२४</td><td>४०५८२</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५९४४२</td></tr>
</table></td><td>५९,४४१</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>औषधि खरिद<br>पालिकाले यस वर्ष शसर्त कार्यक्रमतर्फको अनुदान रकमबाट सिललबन्दी दरभाउपत्रबाट रु.१५८७११८।- र सोझै विधिबाट रु.४९९१४६।- समेत रु.२०८६२६४।- को औषधि खरिद गरेको छ । खरिद गरेको औषधि व्याच नम्बर सहित दाखिला गरी सम्बन्धित स्वास्थ्य संस्थालाई हस्तान्तरण गर्ने गरेको छ ।</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>सेनिटरी प्याड, भेन्डिङ्ग मेशिन र वर्निङ्ग मेशिन खरिद</td><td></td></tr>
<tr><td>६१.१</td><td></td><td></td><td>पालिकाले यस आर्थिक वर्षमा शिलबन्दी वोलपत्रको माध्यमबाट २४ थान, दुइ पटक सोझै खरिद विधिबाट १० थान गरी जम्मा ३४ थान सेनेटरी प्याड भेन्डीङ र वर्निङ्ग मेशिन खरिद गरी जम्मा रु.२५१४०८९।– (भ्याट वाहेक) खर्च लेखेको छ । जसमा देखिएका मुख्य व्यहोराहरु निम्नानुसार छन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१.२</td><td></td><td></td><td>
बढी व्ययभार परेकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमीत हुने गरी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले सेनिटरी प्याड भेन्डिङ्ग तथा वर्निङ्ग मेशिन खरिदमा गरेको खर्च निम्नानुसार छः
<table>
<tr><th>भौ.नं.</th><th>आपुर्तक</th><th>थान</th><th>दर</th><th>रकम</th><th>सामाग्रीको नाम</th><th>खरिद विधि</th></tr>
<tr><td>२४८</td><td>जस्मिन हाइजेनिक प्रोडक्ट</td><td>२४</td><td>२४३३६.२९</td><td>५८४०७१.०</td><td>मेन्डिङ्ग मेशिन</td><td>शिलवन्दी</td></tr>
<tr><td>२४८</td><td>जस्मिन हाइजेनिक प्रोडक्ट</td><td>२४</td><td>१८५८४.०८</td><td>४४६०१८</td><td>बर्निङ्ग मेशिन</td><td>शिलबन्दी</td></tr>
<tr><td>३२३</td><td>लोमश सर्जिकल</td><td>५</td><td>८६५००.०</td><td>४३२५००.०</td><td>मेन्डिङ्ग मेशिन</td><td>सोझै खरिद</td></tr>
<tr><td>३२५</td><td>मणिलेख मेडसिन डिस्ट्रिब्युटर्स</td><td>५</td><td>८६५००.०</td><td>४३२५००.०</td><td>मेन्डिङ्ग मेशिन</td><td>सोझै खरिद</td></tr>
<tr><td>३२८</td><td>लटिनाथ सर्जिकल सप्लायर्स</td><td>५</td><td>६१९००.०</td><td>३०९५००.०</td><td>बर्निङ्ग मेशिन</td><td>सोझै खरिद</td></tr>
<tr><td>३२७</td><td>वि.आर. सर्जिकल्स एण्ड फार्मा प्रा.ली.</td><td>५</td><td>६१९००.०</td><td>३०९५००.०</td><td>बर्निङ्ग मेशिन</td><td>सोझै खरिद</td></tr>
<tr><td colspan="4">जम्मा रकम (भ्याट वाहेक)</td><td>२५१४०८९.०</td><td></td><td></td></tr>
</table>
पालिकाले शिलबन्दी वोलपत्र विधिबाट रु.२४३३६.२९.० दरमा २४ थान भेन्डिङ्ग र रु.१८५८४.०८ दरमा वर्निङ्ग मेशिन खरिद गरेकोमा सोहि स्पेशिफिकेशनका १० थान भेन्डिङ्ग रु.८६५००.० दरमा र १० थान बर्निङ्ग मेशिन रु.६१९००.० दरमा खरिद गरेको छ । जस अनुसार बोलपत्र विधिबाट खरिद गरिएको संस्थाबाट पुन सामाग्री प्राप्त नगरी आर्थिक बर्षको अन्त्यमा सोझै विधिबाट खरिद गर्दा पालिकालाई एकै कार्यक्रममा २ प्रकारका सामाग्री खरिदमा मात्र रु. १०५४७९७.० (भ्याट वाहेक) बढी व्ययभार परेको छ ।
</td><td>१,६७६,९२०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१.३ | | | **सेनेटरी प्याड खरीदः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले बोलपत्रबाट जस्मिन हाइजेनिक प्रोडक्ट बाट रु.२.६५ दरले रु.१९४८०४९.० मा ७३५११३ थान सेनेटरी प्याड खरिद गरेकोमा सोही स्पेशिफिकेशनका सेनेटरी प्याड अधिश्री ट्रेड लिङ्कबाट रु.९.३४ दरमा ४६१७६ थान प्याड खरिद गर्दा रु.४३१२८४।– खर्च लेखेको छ । जसअनुसार बोलपत्र मार्फत खरिद गरिएको सामाग्री सोझै खरिद गर्दा कार्यालयलाई रु.३०८९१७.० बढी व्यायभार परेको देखिन्छ । अतः कार्यालयले एक पटक कम दरमा सामाग्री प्राप्त गरेकोमा सोही संस्थाबाट सामाग्री प्राप्ति गर्ने तथा कम व्यायभारमा पर्ने गरि खरिद कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६१.४ | | | सामाग्री हस्तान्तरणः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिद कारवाहीको तयारी गर्दा आवश्यकता पहिचान गर्ने, खरिद विवरण, परिमाण र क्षेत्र एकिन गरेर खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा रु.२७२७९२०।–(भ्याट सहित) को ३४ थान सेनिटरी प्याड भेन्डिङ्ग मेसिन र वर्निङ्ग मेसिन तथा रु.२३७९३३३.० को ७८१२८९ थान सेनिटरी प्याड खरिद गरेकोमा कुनै पनि सामाग्री हस्तान्तरण गरेको छैन । खरिद भएका सामाग्री समयमा नै विद्यालयमा हस्तान्तरण गरि विद्यार्थीलाई उपलब्ध नगराइ सवै सामाग्री कार्यालयले भण्डारण गरि राखेको छ । जसबाट विद्यार्थीले समयमा नै सामाग्री प्राप्त गर्न नसक्ने तथा उपलब्ध सेनिटरी प्याडको म्याद समाप्त हुने जोखिम बढी देखिन्छ । अत आवश्यकता पहिचान नै नगरि रु.५१०७२५३.० को सामाग्री खरिद गरि कार्यालयमा भण्डार गर्नु औचित्यपूर्ण देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | |   | |
| ६२ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम भएका बेरुजु** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२.१</td><td></td><td></td><td>
<table>
<tr><td></td><td>नगरपालिका, पूँजीगत</td></tr>
<tr><td>क्र.सं.</td><td>विवरण</td></tr>
<tr><td>१</td><td>भौ.नं. २४९।०७७।१०।१६, राधा भानु निर्माण सेवालाई ठेक्का नं. १९।०७७।०७८ वडा नं. १० को कल्भर्ट निर्माण कार्यको अन्तिम बील भुक्तानी गर्दा रु. ६१५९८२ भुक्तानी भएकोमा मूल्य अभिवृद्धि कर समेत रु. ५९४१०८ को सम्झौता गरेकोमा सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. २१८७४</td></tr>
<tr><td>२</td><td>भौ.नं. २७७।०७७।११।१२, अल्फाबिटा इन्जिनियरिङ्ग प्रा.लि.लाई वडा नं.८ र १० मा सोलार सडक बत्ति जडान कार्यको ठेक्का नं. ५ SSL/ ०७७।०७८ को अन्तिम बिल भुक्तानी गर्दा भुक्तानीको लागि पेश भएको ठेक्का बीलको रकम रु. ६५७७५६।५० मा निजको बिजक अनुसारको मू.अ.कर रकम रु. ५६७५१ थप गरेर रु. ७१४५०७।५० भुक्तानी गर्नुपर्नेमा रु. ७४३२६४ भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु. २८७५६.६</td></tr>
</table>
</td><td>५०,६३१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२.२</td><td></td><td></td><td><table>
<tr><td></td><td>नगरपालिका पूँजीगत</td></tr>
<tr><td>क्र.सं.</td><td>विवरण</td></tr>
<tr><td>१</td><td>भौ.नं. २०८।०७७।९।२६, मा सहकारी चोकदेखि उत्तर जैविकमार्ग सडक स्तरोन्नती गर्ने उपभोक्ता समितलाई प्राविधिक बील मूल्याङ्कन र अन्य बील भरपाई अनुसार रकम भुक्तानी गर्दा ल्याब परीक्षण बापत भुक्तानी भएको रकमको ल्याब परीक्षण रिपोर्ट पेश नभएको हुँदा सो बापत भुक्तानी भएको रकमको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ३०००</td></tr>
<tr><td>२</td><td>भौ.नं. २१०।०७७।९।२७, वडा नं. ७ मा सडक स्तरोन्नती गर्ने कार्य गरे बापत पञ्चकोटी निर्माण सेवालाई भुक्तानी भएको रकममा ल्याब परीक्षण बापत भुक्तानी भएको रकमको ल्याब परीक्षण रिपोर्ट पेश नभएको हुँदा सो बापत भुक्तानी भएको रकमको प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ३०००</td></tr>
<tr><td>३</td><td>भौ.नं. ३७६।०७७।१२।२४, पञ्चकोटी निर्माण सेवालाई वडा नं. १ को सडक कालोपत्रे कार्यको ठेक्का नं. ३४।०७७।०७८ को अन्तिम बील भुक्तानी गर्दा ल्याब जाँचको प्रमाण पेश नभएकोले प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु. ५०००</td></tr>
</table></td><td>११,०००</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>ल्याब परीक्षणको बिल/ रिपोर्ट पेश नभएको<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले देहाय निर्माण व्यवसायीलाई सम्झौता बमोजिम देहायका योजनाको निर्माण कार्यको गुणस्तर परीक्षणबापत निर्माण व्यवसायीलाई निम्नानुसार रकम भुक्तानी गरेकोमा, निर्माण व्यवसायीले गुणस्तर परीक्षण गराएको निकायको बिल तथा गुणस्तर परीक्षण रिपोर्ट पेश गरेको छैन।ल्याब टेस्टबापत भुक्तानी भएको रु ७५०००.० को बिल पेश हुनुपर्ने अन्यथा सम्बन्धिबाट असुल हुनुपर्ने रु<table>
<tr><th>भौ.नं/मिती</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>ल्याब टेस्टबापत भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td>७५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३८६/२०७७/१२/२६ | बर्मे चौराहादेखि महाकाली नदी लक्ष्मीनगर टोल सोनापुर टोल सडक कालोपत्रे | राधा भानु निर्माण सेवा | ५०००.० | बेलडाँडी गाउँपालिकाको ल्याब रिपोर्ट पेश भएकोमा बिल पेश नभएको | |
| | | | २०२/२०७७/९/२४ | मालिकार्जुन टोल तिलकेनी शान्तिसामुदायिक वन ढिलाशैन टोल ढानुबाबा टोल सडक कालोपत्रे | स्वामी जगन्नाथ निर्माण सेवा | २००००.० | बेलडाँडी गाउँपालिकाको ल्याब रिपोर्ट पेश भएकोमा बिल पेश नभएको | |
| | | | ५६५/२०७८/३/२० | पदम राज नाथको घरदेखि वडा कार्यालय सडक कालोपत्रे | जगन्नाथ निर्माण सेवा | ५०००.० | बेलडाँडी गाउँपालिकाको ल्याब रिपोर्ट पेश भएकोमा बिल पेश नभएको | |
| | | | ४२२/२०७८/२/१४ | नारद सुनारको घर अगाडीको सडक कालोपत्रे (ठेक्का नं **12/BTR/2077/78**) | राधा भानु निर्माण सेवा | ३००००.० | बिल तथा रिपोर्ट पेश नभएको | |
| | | | ३३३/२०७७/१२/६ | बैजनाथ टोल गोबरिया सुन्दर टोल र सिद्धनाथ मन्दिर अस्पताल सडक कालोपत्रे | राधा भानु निर्माण सेवा | १५०००.० | बिल तथा रिपोर्ट पेश नभएको | |
| | | | जम्मा | | | ७५०००.० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रममा तोकिएका सिमाभन्दा कम रकमको योजना कार्यान्वयन गराएको**<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम ९(५) मा आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकमको पचास प्रतिशत रकमबाट न्यूनतम पचास लाख रुपैँया लागत अनुमान भएका आयोजना र बाँकी पचास प्रतिशत रकमबाट न्यूनतम दश लाख रुपैँया लागत अनुमान भएको आयोजना छनौट गर्नुपर्दछ।यस कार्यक्रम अन्तर्गत भिमदत्त नगरपालिकामा कार्यान्वयन हुने कुल बजेट रु २ करोड ७२ लाख २० हजार मध्ये १० लाख मुनीका (२ लाख देखि ७ लाखसम्मका) कुल रु १ करोड ५७ लाख २० हजारको ३३ योजना छनौट गरी नगरपालिका मार्फत कार्यान्वयन गरिएको छ। नियमावलीले कायम गरेको न्यूनतम सिमाभन्दा घटीका अत्याधिक संख्यामा योजना छनौट तथा कार्यान्वयन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै त्यस्ता योजना छनौट तथा कार्यान्वयन गर्ने परिपाटीको अन्त्य गरिनुपर्दछ । | |
| ६५ | ३२८ | २०७७-१२-५ | **विपन्न नागरिक आवास भवन निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(३) मा निर्माण गरीएको संरचना उद्देश्य अनुरुप संचालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था रहेको छ।कार्यालयले विपन्न एवम् भूमिहिन नागरिकहरुका लागी आवास भवन निर्माणको लागी उपभोक्ता समितीसँग मिती २०७७/१/७ मा रु ९४१८९३१.० मा सम्झौता गरेको छ।सम्झौता अनुसार उपभोक्ताले सो आवास भवन निर्माण मिती २०७७/३/१५ मा सम्पन्न गर्नुपर्नेमा, सो अवधिमा निर्माणको कार्यसम्मपन्न गर्न नसकि उपभोक्ताले मिति २०७७/१२/५ मा रु ६६४४१३२.० बराबरको मात्र कार्यसम्मपन्न गरेको अवस्थामा कार्यालयले योजना फरफारक गरी नगरपालिकाले व्यहोर्ने अनुदान बापत कुल रु १११६९१३.० भुक्तानी गरेको छ।कार्यालयले सम्झौता अनुसार निर्माण कार्यसम्पन्न नहुँदै योजना फरफारक गरी रकम भुक्तानी गरेको छ भने निर्मित संरचना तोकिए बमोजिम भए नभएको सम्बन्धमा नगरपालिकास्तरिय अनुगमन भएको समेत पाईएन।साथै निर्मित भवन तथा संरचना लाभग्राहीलाई हस्तान्तरण समेत नभएकोले, सम्झौता बमोजिमको आवास भवन निर्माण भएको कुरामा आस्वस्त हुन सकिएन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>वडा कार्यालय भवनको स्वामित्व नभएको<br>नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको जमिनमा मात्र भवन निर्माण लगायतका स्थायी संरचना निर्माण गर्नु पर्दछ । तर नगरपालिका अन्तर्गत रहेका वडाहरू मध्ये निम्न वडा कार्यालयहरूको भवन नगरपालिकाको स्वामित्व नरहेको सार्वजनिक ऐलानी जग्गामा निर्माण गरेको पाइयो । ऐलानी जग्गामा भवन निर्माण भएका वडा कार्यालयहरू निम्नानुसार छनः
<table>
<tr><th>सि नं</th><th>वडा कार्यालय</th><th>जग्गाको स्वामित्व</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>४ नं वडा कार्यालय</td><td>नगरविकास समिति</td><td></td></tr>
<tr><td>२</td><td>६ नं वडा कार्यालय</td><td>मन्दिर गुठी</td><td></td></tr>
<tr><td>३</td><td>११ नं वडा कार्यालय</td><td>मन्दिर गुठी</td><td></td></tr>
<tr><td>४</td><td>१२ नं वडा कार्यालय</td><td>विधालय महाकाली नदी किनार</td><td></td></tr>
<tr><td>५</td><td>१५ नं वडा कार्यालय</td><td>दशरथ नि मा वि</td><td></td></tr>
<tr><td>६</td><td>१८ नं वडा कार्यालय</td><td>नगर विकास समिति</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>वडा कार्यालय भवनको जग्गा खरिद</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७.१ | १६३, ३८४ | | जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारी समेतको तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ । नगरपालिकाले वडा कार्यालयको भवन निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्दा सम्बन्धित जग्गाधनिलाई रकम भुक्तानी गरेकोमा, सोको लागी उपरोक्त समितीले मुआब्जा निर्धारण गरेको छैन । कार्यालयबाट मुआब्जा निर्धारणका लागी जिल्ला प्रशासन कार्यालयमा पत्राचार भएतापनी नगरपालिकाबाटै आवश्यक प्रक्रिया पूरा गरी जग्गा खरिद गर्ने व्यवस्था गर्ने भनी जिल्ला प्रशासन कार्यालयबाट मिति ........... को च.नं. .......... मा पत्राचार भएको छ । सो बमोजिम नगरपालिकाले वडा नं. १४ को वडा कार्यालयको लागि ४ कठ्ठा जमिन श्री नर बहादुर सिंहबाट रु.९५५०००.० र वडा नं. १० वडा कार्यालयको लागि दुई कठ्ठा जमिन श्री विर वहादुर भण्डारीबाट रु.२६०००००.० मा जग्गा खरिद गरी भुक्तनी गरेको छ । जग्गाको लागी ऐनको दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरु पालना नगरी निर्णय भएकोले, ऐनको व्यवस्था पालना गरी जग्गा प्राप्ति गर्नुपर्दछ । | |
| ६७.२ | | | त्यस्तै वडा नं. १४ को वडा कार्यालय (खरिद गरेको जग्गा) सम्म पुग्ने सडक सञ्जाल जोडिएको छैन । उक्त जग्गा सम्म पुग्नको लागि चलनचल्तीको ३.५ मिटर सडक रहेको र विक्रि गर्न पेश गरेको दरभाउपत्रमा जग्गा श्री नर वहादुर सिंहका छोरा श्री प्रेम वहादु सिंहले ६ मिटर चौडाई सडक दिन वा दिलाउन मन्जुर रहेको भन्ने कवुलियतनामा पत्र पेश गरेकोमा लेखापरीक्षणको अवधि सम्म सडक प्राप्त भएको देखिएन । | |
| ६८ | | | **घरभाडा**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समिति र को. ले. नि. का. को सूचनापाटीमा कम्तिमा ७ (सात) दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडा बापत रु. ६२५५०० भुक्तानी गरेको देखियो । अतः नियमावलीमा भएको व्यवस्थालाई पालना गरी घरभाडा भुक्तान गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६९ | | | **दैनिक भ्रमण भत्ता**<br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित व्यक्तिले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयका बिभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार बजेट खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन् । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान समेतको दैनिक भ्रमण भत्ता अनुगमन तथा कार्यक्रम शीर्षकबाट रु. १३९०१६१ भुक्तानी गरेकोले अनियमित देखियो । नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| ७० | | | **इन्धन खर्च**<br>नगरपालिकाले यस बर्ष इन्धन बापत रु. १२९२३९१३ इन्धन खर्च भुक्तानी गरेको छ । यस्तो इन्धन नगरपालिकाका मोटरसाइकल, दमकल, लोडर, डोजर, टिपर, एक्जाभेटर, व्यारहोलोडर जस्ता सााधनहरुमा उपयोग गरेको जानकारी गराएको छ । लागत अनुमान तथा सवारीको लगबुक बेगर पालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक स्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्वन गरी खर्च गर्नु पर्दछ । | |
| ७१ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २५०८५९२ खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ । | |
| ७२ | | | **मर्मत खर्च**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै सवारी साधन तथा मालसामान मर्मत गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ । कार्यालयले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी र मर्मत अभिलेख समेत संलग्न नगरी रु. ७२७२०२६ रकम भुक्तानी दिएको देखिन्छ । मर्मत खर्च लेख्दा लागत अनुमान तयार गर्ने र मर्मत अभिलेख समेत संलग्न गरी खर्च लेख्नु पर्दछ । | |
| ७३ | | | **बिबिध् परिक्षण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.१ | | | **नापी किताबः** निर्माण सम्वन्धी कामको विवरण नापी कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापी कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नु पर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनु पर्ने देखिन्छ । यस नगरपालिका कार्यालयदारा गत आ.वा.मा संचालित योजना हरुको भुक्तानी यस बर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आ.वा.का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ । | |
| ७३.२ | | | **कोटेशनको कार्य** : सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७७।७८ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी कोटेशनदारा बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि २ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब २० देखि ४७ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा नगरपालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन । | |

| गो.भौ. न | कार्यक्रमको नाम | लागत अनुमान | स्वीकृत रकम | भुक्तानी रकम | घटी |
|---|---|---|---|---|---|
| ४६५।२०७८।३।१ | वडान. ७ ग्राबेल | ४७९८२० | ४७९८२० | ४७९८२० | ० |
| ५२७।२०७८।३।१४ | वडा न. ३ डिप बोरिङ | ४६४७९७ | ४५८३५९ | ४५८३५९ | १.३ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४३२।२०७८।३।१४ | वडान. १७ ग्राबेल | ३३५०८८ | ३३५०८८ | ३३५०८८ | ० | | |
| | | | | ३६५।२०७८।११।१८ | वडा न.७ सडक निर्माण | ४८५५६० | ४८५५६० | ४८५५६० | ० | | |
| | | | | २०१।२०७७।९।२४ | महाकाली प्राबिधिक शिक्षालय | ४९३०१५ | ४९३०१५ | ४९३०१५ | ० | | |
| ७३.३ | | | **अधुरा आयोजना**– आर्थिक कार्यविधि तथा बित्तियउत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३)मा चालु बर्षको बजैटले नखामेको खर्च बेहोर्न पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले बिलभरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको बिवरण तयार गरीआर्थिक बर्ष समाप्त भएको सात दिन भित्र कोष तथा लेखा नियन्त्रण कार्यालयबाट प्रमाणित गराई राखुनु पर्ने बर्यवस्था छ । । यस स्थानीय तहले आर्थिक बर्ष २०७६।७७ को बिभिन्न ७० वटा निर्माण कार्यको रु ४०००००००० अधुरा योजनाको भुक्तानी दिन बाँकी भनी एकमुष्ट नगरसभाबाट पारित गराई भुक्तानी दिन बाकी जिम्मेवारी सारेको र आर्थिब बर्ष २०७७।७८ मा भुक्तानी दिएको देखिन्छ ।यसरी भुक्तानी दिनु पर्ने रकमको नाम नामेसी सहितको कच्चावारी तयार गरी आर्थिक बर्ष समाप्त भएको ७ दिन भित्र प्रमाणित गरी राख्नु पर्नेमा नाम नामसी सहित राखेको देखिएन । नगरपालिका कार्यालयले कानुनमा भएको ब्यवस्था अनुसार नाम नामसी सहितको कच्चावारी राखेको नदेखिकोले भुक्तानी दिन बाकी रकम भुक्तानी भएकै योजनाको नै हो भन्न सकिएन ।अत नगरपालिकले यसरी भुक्तानी दिन बाकी रहेको रकमको नामनामेसी सहितको बिवरण खुलाई राख्न तर्फ ध्यान दिनु पर्दछ । | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.४ | | | **बढीभुक्तानी:** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले निम्म मर्मत कार्यमा टायल फिटीङमा रकम भुक्तानी गर्दा नगरपालिकाले बिश्लेषण गरेको दर भन्दा बढी दरमा भुक्तानी दिएको देखीएकोले बढी भुक्तानी हुन गएको रू ५२८२५।०० असुल गरी संचितकोष दाखिला हुनु पर्दछ । | ५२,८२५ |

| भौचर न. | कार्यको नाम | पार्टीको नाम | टायल परिमाण | बिश्लेषण दर | फरक दर | बढी रकम |
|---|---|---|---|---|---|---|
| ११।२०७७।७।७ | राजस्व शाखा मर्मत | दिपक कन्स्टकशन | ४१।०४ | २४८० | २७२० | ९८४९ |
| ६।२०७७।६।२५ | राजस्व शाखा मर्मत | दोगडा शक्ती नि.से. | १४८ | २४८० | २७२० | ३५५२० |
| १२।२०७७।७।२० | शौचालय मर्मत | बुढी घटाल नि.से | २९।२४ | २४८० | २७३५ | ७४५६ |
| | | जम्मा | | | | ५२८२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.५ | | | स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ मा गाउपालिका वा नगरपालिकाले संबिधानको अनुसुची ८ को ब्यवस्था बमोजिम कानुन कार्यबिधि निर्माण गरी कार्यान्वय गर्न सक्ने ब्यवस्था गरेको छ । यस नगरपालिका कार्यालयले मर्मत सम्भार कोष कार्यान्वयन कार्यबिधि निमार्ण नगरी नगरपालिका पुजिगत खर्च खाताबाट सोझै रकम ट्रान्सफर गरी मर्मत खातामा पठाउने र उक्त खाताबाट सोझै एउटै प्रकृतिका काम र एउटै पार्टीबाट पटक पटक गरी रू १३५१०७९३।१९ खर्च गरेको देखिन्छ । यसरी स्थानिय तहलाई भएकोअधिकार प्रयोग नगरी कानुनी ब्यवस्था बेगर मर्मत कोषबाट खर्च गरेको रकम नियमसंग देखिएन । अत नगरपालिका कार्यालयले कार्यबिधि निर्माण गरी मर्मत कोषको प्रयोग गर्न तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्न छन । | ५,२४०,८९२ |

| भौचर न. | कामको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| १०।२०७७।७।७ | पुरानो राजस्व भवन ममर्त | दिपक कन्स्टकशन | ४८४३११ |
| १७।२०७७।८।८ | पुरानो राजस्व भवन ममर्त | लक्ष्मी स्टील उधोग | ४८७४०७ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०।२०७७।१०।२० | पुरानो राजस्व भवन ममर्त | | ४३३१६९ | | |
| | | | | १२।२०७७।७।२० | कार्यालय भित्रको शौचालय | राधाभानु नि.स. | ४६८६५७ | | |
| | | | | १४।२०७७।१०।२० | कार्यालय भित्रको शौचालय | कृष्ण नि. से. | ४०४२८० | | |
| | | | | ११।२०७७।७।२० | कार्यालय सचिवालय ममर्त | बुढीघटाल नि.स. | २९३७७३ | | |
| | | | | ६५।२०७७।३।२२ | सचिवालय कोठा ममर्त | महाकाली कन्स्टकशन | ४८७८२५ | | |
| | | | | ६०।२०७८।३।१४ | कार्यालय सभा हल ममर्त | भवानी कन्स्टकशन | ४३६७५९ | | |
| | | | | ३६।२०७७।१२।४ | मिटीङ हल निर्माण | त्रीपुरा डेकुरेशन | ४७६३९६ | | |
| | | | | ६६।२०७८।३।५ | कार्यालयमा ड्रन निर्माण | ज्मिन बिल्डर्स | ४८१३३१ | | |
| | | | | १६।२०७७।७।२१ | बधशाला निर्माण | एच पि निर्माण सेवा | ४५९२१० | | |
| | | | | २१।२०७८।।१०।४ | बधशाला निर्माण | पन्त कन्स्टकशन | ३२७७७४ | | |
| | | | | | जम्मा | | ५२४०८९२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | 54 | २०७८-१-२४ | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को बुँदा नं. ७ अनुसार स्थानीय तहको प्राविधिकबाट अनुसुचि ३ बमोजिमको प्रतिवेदन पेश भइ स्थानीय तहले प्रमाणित गरेपछि मात्र निर्माण कार्य सम्पन्न भएको मानिने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षमा यस कार्यक्रमको लागि ११० लाभग्राहि छनौट गरी जनहि रु.३० हजारको दरले रु.३३ लाख बैकमा जम्मा गर्न पठाएको छ । उक्त रकम लाभग्राहीले तोकीए बमोजिम आवास निर्माण गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन र प्राविधिक नापजाँच भएको छैन । लेखापरीक्षणको अवधिसम्म पालिकाले दोस्रो किस्ता वापतको रकम निकासा गरेको छैन । अतः प्रथम किस्ता वापतको रकम तोकीएबमोजिम खर्च भए नभएको एकिन गरि दोस्रो किस्ता निकासा गर्नेतर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले ११० जनाको लागि निकासा गरेको रु.३३ लाख मध्य रु.३२ लाख ७० हजार मात्र वैंकले सम्बन्धित व्यक्तिको खातामा जम्मा गरेको विवरण पेश भएकोले बाँकी एक जना श्री शंकर धामकीले खाता नखोलेकोले उक्त रकम फिर्ता गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ३०,००० |
| ७५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, खेल मैदान निर्माण, पार्क निर्माण गरी यस वर्ष १९५ जनालाई रोजगारी उपलव्ध गराई रु. ६४५५०३४.५२ खर्च गरेको छ । लक्षित वर्गलाई १९ दिनदेखि ९८ दिनसम्म (औषतमा ६४.०३ दिन) रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । सञ्चालित कार्यक्रमको संक्षिप्त विवरण देहायबमोजिम रहेको छः | |

| वडा नं. | कार्यक्रम/आयोजनासंचालन | रोजगारसंख्या | कुल खर्चरकम | रोजगारीमा भएको खर्च | औषतरोजगार दिन | जम्मा रोजगार दिन |
|---|---|---|---|---|---|---|
| ९ | खल्ला मुसेट्टी बाटोनिर्माण | ५३ | ५२०६१९.०० | ५२०६१९.०० | १९.०० | १००७.०० |
| ३ | बिष्णु मन्दिर देखीमलास जाने बाटो निर्मा ण | ४१ | १२७१८२०.०० | १२७१८२०.०० | ६०.०० | २४६०.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५ | शुक्लाफाटा राष्ट्रियनिकुंज र मानव बस्ती बिचमा ट्रेन्च खन्ने कार्य | १९ | ९८२३००.०० | ९८२३००.०० | १००.०० | १९००.०० | |
| | | | १० | शान्ति वन भित्र पार्कनिर्माण | २८ | १४१८९३७.५२ | १४१८९३७.५२ | ९८.०२ | २७४४.५६ | |
| | | | १९ | पूरानो सिद्धनाथ स्कूलभत्काई मैदान बनाउने | ९ | २६०५६८.०० | २६०५६८.०० | ५६.०० | ५०४.०० | |
| | | | १ | मणिदिप धाम देखीबैजनाथ मन्दिर हुदै कृष्ण मन्दिर पदमार्ग निर्माण | ४५ | २०००७९०.०० | २०००७९०.०० | ८६.०० | ३८७०.०० | |
| | | | जम्मा | | १९५ | ६४५५०३४.५२ | ६४५५०३४.५२ | ६४.०३ | १२४८५.५६ | |
| ७६ | | | **सामाजिक सुरक्षातर्फ** | | | | | | | |
| ७६.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने छ । यो वर्ष एन एम बी बैङ्क, कुमारी बैङ्क, एन सी सी बैङ्क र प्रभु बैङ्क गरी चारवटा बैङ्कमा प्रथम, द्वितीय र तितीय चौमासिकमा रु. ३०३७९६२४७ निकासा दिएकोमा रु. २७८३९१२२५ खर्च गरी बाँकी रु. २५४०५०२२ सबै बैङ्कले फिर्ता गरेको छ । यसरी खर्च गरी चौमासिक रुपमा भत्ता वितरण गरेको भरपाई पेश गर्नुपर्नेमा भरपाई चौमासिक रुपमा पेश गरेको पाइएन । सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । यसलाई प्रभावकारी रुपमा लागू गर्नु पर्दछ । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता सञ्चालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । एन एम बि बैंकले नगरपालिकाको सामाजिक सुरक्षा भत्ता लाभग्राहीलाई वितरण गर्दा Dormat खाताको विवरण दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकिन गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार नगरपालिकाले उक्त बैंकसँग Dormat खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६.३</td><td></td><td></td><td>पालिकामा प्रथम चौमासिकमा एउटै नागरिकता नम्बरबाट फरक फरक नाम भएका निम्न व्यक्तिलाई भत्ता भुक्तानी भएको छ । वास्तविक व्यक्ति पहिचान गरी भुक्तानी भएको रकम एकीन गरी दोहोरो भुक्तानी गएको रकम प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
<table>
<tr><th>नाम थर</th><th>वडा नं.</th><th>ना.प्र.नं.</th><th>जन्म मिति</th><th>चौमासिक दर</th><th>चौमासिक</th><th>आइडी नं.</th></tr>
<tr><td>हारुली देवी जोशी</td><td>१०</td><td>५७८००१००१</td><td>२००१।१०।१२</td><td>१२०००</td><td>प्रथम</td><td>२००११०१२०१४८७</td></tr>
<tr><td>चम्भा देवी पहरी</td><td>१०</td><td>५७८००१००१</td><td>२००९।१२।३०</td><td>८०००</td><td>प्रथम</td><td>२००९१२३०६३८९२</td></tr>
<tr><td>धाना देवी भट्ट</td><td>१०</td><td>६७८००७९०</td><td>१९८६।१।१</td><td>१२०००</td><td>प्रथम</td><td>१९८६०१०१०२६२१</td></tr>
<tr><td>लक्ष्मी देवी कार्की</td><td>१०</td><td>६७८००७९०</td><td>१९९०।२।३</td><td>१२०००</td><td>प्रथम</td><td>१९९००२०३००७४६</td></tr>
<tr><td>नन्दा देवी जोशी</td><td>१०</td><td>५७८००१८८</td><td>१९९०।२।१५</td><td>१२०००</td><td>प्रथम</td><td>१९९००२१५०१६३१</td></tr>
<tr><td>मीना देवी थापा</td><td>१०</td><td>५७८००१८८</td><td>२०३०।५।२२</td><td>८०००</td><td>प्रथम</td><td>२०३००५२२००१०७</td></tr>
<tr><td>शान्ति लुहार</td><td>१०</td><td>२५४१२१२</td><td>२०१३।१।६</td><td>८०००</td><td>प्रथम</td><td>२०१३०१०६०१०८७</td></tr>
<tr><td>रामा देवी गिरी</td><td>१०</td><td>२५४१२१२</td><td>२०१५।४।१</td><td>८०००</td><td>प्रथम</td><td>२०१५०४०१०५७५७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>८००००</td><td></td><td></td></tr>
</table>
</td><td>८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७७</td><td></td><td></td><td>प्रेस सल्लाहकार र जनसम्पर्क अधिकृतको नियुक्ति<br>सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/ प्रेस सल्लाहकार तथा जनसम्पर्क अधिकृत राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले प्रेस सल्लाहकार र जनसम्पर्क अधिकृत नियुक्त गरी रु. ६१२००० भुक्तान गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>पद</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>रनिराम लुहार</td><td>प्रेस सल्लाहकार</td><td>२६४०००</td><td>वर्ष भरीको भुक्तानी</td></tr>
<tr><td>२</td><td>प्रेम बहादुर सिंह</td><td>जनसम्पर्क अधिकृत</td><td>३४८०००</td><td>वर्ष भरीको भुक्तानी</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>६१२०००</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>७८</td><td>७७३</td><td>२०७७-११-२८</td><td>सम्झौता पत्र बेगर भुक्तानी<br>एमबुलेन्स चालक हरेन्द्र धामीलाई रु.७००० को दरले पालिकाबाट पारिश्रमिक दिने भनी सम्झौता गरेकोमा २०७७ साल पौष महिनासम्मको मात्र सम्झौता पेश गरेकोमा बाँकी २०७७ माघ देखि २०७८ साल आषाढ महिनासम्मको जम्मा तलब रु. ४२००० लिएकोले शर्त बमोजिम सम्झौता नविकरण पेश नगरेकोले सम्झौताको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | २४१ | २०७७-७-२६ | **भ्रमण भत्ता असूल**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (३) बमोजिम सुविधा भएको ठाउँमा एकै दिन फर्कने गरी सरकारी कामका काज खटी जाने कर्मचारीलाई नियमावली बमोजिम भ्रमण खर्च र दैनिक भत्ताको २५ प्रतिशतले मात्र खाजा खर्च बापत पाउने व्यवस्था छ । तर पालिकाका सहायक स्तरका कर्मचारी श्री गंगादत्त जोशीले महेन्द्रनगर देखि बेदकोटसम्मको दुरी भएको एकैदिन फर्किने खालको भूमि व्यवस्थापन सम्बन्धी तालीमको लागि मिति २०७७।८।१२ देखि २०७७।९।१२ सम्म तालीम गरे बापत हाजिरमा काज जनाई कूल भत्ता रु. ४४३०० को ५० प्रतिशतले हुने रु. २२१५० भुक्तानी लिएकोमा जम्मा भत्ता भुक्तानीको आधी मात्र रु. ११०७५ बढी भुक्तानी लिएकोले बढी भुक्तानी निजबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ११,०७५ |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ७९.१ | गंगादत्त जोशी | ११,०७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | 606 | २०७७-१०-२० | **अनुगमन भत्ता**<br>सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा भुक्तानी दिन नपाइने व्यवस्था छ । नगरपालिकाका बिभिन्न कर्मचारी तथा पदाधिकारीलाई देहाय बमोजिम राहत वितरण तथा कोरोना सम्बन्धी अनुगमन समिति भनी भत्ता भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी वा पदाधिकारीलाई भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | २४,४०० |

| विवरण | अनुगमन संख्या | करि पछि भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| भवराज रेग्मी | ८ | ६८०० | सदस्य |
| हरिदत्त जोशी | ८ | ६८०० | सदस्य |
| लक्ष्मण तिवारी | ८ | ६८०० | सदस्य |
| हरिदत्त जोशी | ६ वटा प्रतिवेदन पेश गरेको | ४००० | छुट्टाछुट्टै प्रतिवेदन तयार गरी सो बापत बढी भुक्तानी गएकोले |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|

**कार्यक्रमको नर्म्स बेगर भुक्तानी**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नु पूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

| भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २८।०७७। ६।२१ | सुरेश सिंह घटाल | वडा नं. ५ मा खुला कबड्डी प्रतियोगिता | १८७६१० | कार्यक्रमको नर्मस, फोटोहरु तथा प्रतिवेदन पेश भएको पाइएन । |
| ३६।०७७। ६।२१ | हरिदत्त जोशी | कक्षा ८ को परीक्षा सञ्चालन र व्यवस्थापन | १११७०० | कार्यक्रमको नर्मस बिना खर्च । |
| ११०। ०७७।७।२ | उर्मिला भट्ट | खेलकुद प्रतियोगितामा सहभागी खेलाडीलाई प्रोत्साहन तथा खेलकुद प्रोत्साहन कार्यक्रम | १५०००० | कार्यक्रमको नर्मस तथा प्रोत्साहन दिएको निर्णय पेश नभएको । |
| २७९। ०७७।८। १४ | कलावती कुमारी मिश्र | उच्च स्तरीय शैक्षिक सुधार कार्यक्रम | ४००७०० | कार्यक्रमको नर्मस, फोटोहरु तथा प्रतिवेदन पेश भएको पाइएन । |
| ३७३। ०७७।८। ३० | केशव विष्ट | व्यवसाय सचेतना अभिमुखीकरण तालीम | ११३४८२ | कार्यक्रमको नर्मस छैन् । |
| ४१०। ०७७।९। | हरिदत्त जोशी | योग शिक्षा पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको सरोकारवालासँग अभिमुखीकरण कार्यक्रम | ८४९१० | कार्यक्रमको नर्मस छैन् । |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १६ | | | | | |
| | | | ५९१। ०७७।१०। २० | कुन्ती लेखक | समुदाय स्तरमा लैङ्गिक हिंसा सम्बन्धी कानूनी शिक्षा सहितको अभिमुखीकरण ३ दिने कार्यक्रम वडा नं. १६ | १००००० | कार्यक्रमको नर्मस छैन् । | |
| | | | ५९१। ०७७।१०। २० | कुन्ती लेखक | समुदाय स्तरमा लैङ्गिक हिंसा सम्बन्धी कानूनी शिक्षा सहितको अभिमुखीकरण ३ दिने कार्यक्रम वडा नं. ३ | १००००० | कार्यक्रमको नर्मस छैन् । | |
| | | | ९८०। ०७८।१।६ | हरिदत्त जोशी | स्थापना दिवसको पुरस्कार तथा सम्मान | २७७९०५ | कार्यक्रमको नर्मस छैन् । | |
| | | | १०२३। ०७८।१। २२ | कलावती कुँवर | महिला उद्यमी सञ्जाल तथा स्थापना कार्यक्रम | ३०००० | कार्यक्रमको नर्मस तथा फोटोहरु छैन् । | |
| | | | १०६२। ०७८।२। १३ | | उच्चस्तरीय शैक्षिक सुधार कार्यदल (भौ.नं.४२०।०७८।२।१३ नगरपालिका पूँजीगतबाट रु.२३०००० समेत) | ५४११५० | कार्यक्रमको नर्मस र फोटोहरु छैन् । | |
| | | | | जम्मा | | २०९७४५७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **महोत्सव खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैंन् । तर नगरपालिकाले यस वर्ष कूल ३ उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ३०९५००० खर्च गरेको छ । यस्ता खर्च औचित्यको आधारमा मात्र गर्नु पर्दछ । | |
| ८३ | | | **बैठक भत्ता**<br>सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को नियम ६ बमोजिम कानून बमोजिम गठित समितिलाई मात्र भत्ता दिने व्यवस्था छ । एउटै निकाय वा अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकका लागि भत्ता उपलब्ध गराइने छैन् । तर पालिकाले निम्न बमोजिम कर्मचारीलाई बैठक भनी भत्ता भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी वा पदाधिकारीलाई भुक्तानी भएको रकम अनियमित देखिएको रु. | ११९,८५० |

| क्र.सं. | भौ.नं.र मिति | समितिको नाम | विवरण | कर पछि भुक्तान रु. |
|---|---|---|---|---|
| १ | ७७।०७७।६।२७ | घ वर्गको निर्माण व्यवसायीको इजाजत सम्बन्धी बैठक | ३ जनाको १३ बैठकको रु. १००० को दरले | ३३१५० |
| २ | ७८।०७७।६।२७ | जिन्सी निरीक्षणको बैठक भत्ता | ८ जनाको ४ बैठकको रु. १००० को दरले | २७२०० |
| ३ | ८२२।०७७।१२।६ | अपाङ समन्वय समितिको बैठक | १३ जनाको २ वा १ बैठकको रु.१००० को दरले | १८७०० |
| ४ | ५१०।०७७।१०।६ | खरिद इकाईको बैठक | ४ जनाको १२ बैठकको रु.१००० को दरले | ४०८०० |
| | | जम्मा | | ११९८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८४</td><td>1019</td><td>२०७८-१-२०</td><td>बैठक भत्ता<br>सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को नियम ६ बमोजिम कानून बमोजिम गठित समितिलाई मात्र भत्ता दिने व्यवस्था छ । एउटै निकाय वा अन्तर्गतको पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकका लागि भत्ता उपलब्ध गराइने छैन् । तर पालिकाले निम्न बमोजिम कर्मचारीलाई खरिद इकाई बैठक भनी भत्ता भुक्तानी गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी वा पदाधिकारीलाई भुक्तानी भएको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>विवरण</th><th>बैठक संख्या</th><th>करि पछि भुक्तानी रु.</th><th>कैफियत</th></tr>
<tr><td>हिमालय सिंह ऐर</td><td>१६</td><td>१३६००</td><td></td></tr>
<tr><td>सुवास अधिकारी</td><td>१६</td><td>१३६००</td><td></td></tr>
<tr><td>विष्णुदेव भट्ट</td><td>१६</td><td>१३६००</td><td></td></tr>
<tr><td>दिपेन्द्र चौधरी</td><td>१६</td><td>१३६००</td><td></td></tr>
<tr><td>पुष्पराज भट्ट</td><td>६</td><td>५१००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>५९५००</td><td></td></tr>
</table></td><td>५९,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | ११०९ | २०७८-२-२५ | **नपुग कर**<br>आय कर ऐन, २०५८ को दफा ८८ बमोजिम कुनै संस्था सेवा दिंदा भ्याटमा दर्ता नभएको तर रु. २०००० को भन्दा बढी कारोवार गर्नेलाई भुक्तानी दिंदा १५ प्रतिशतले स्रोतमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट भूमिका स्टीकर्सलाई ट्राफिक साङ्केतिक मेटल बोर्ड छपाईको लागि रु. ४५००० भुक्तानी दिएकोमा १५ प्रतिशतको दरले रु.६७५० कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतको दरले रु.६७५ मात्र कट्टी गरेकोले बाँकी नपुग कट्टी गर्नुपर्ने रु. ६०७५ असूल गरी दाखिला गर्नुपर्ने रु.<br><br>**क्रम** \| **कर्मचारीको नाम** \| **असुली रकम**<br>८५.१ \| भूमिका स्टीकर्स \| ६,०७५ | ६,०७५ |
| ८६ | १०८७ | २०७८-२-१९ | **भरपाई पेश नभएको**<br>निङ्गलाशैली बहुउद्देश्यीय सहकारी संस्थालाई गहुँको स्रोत बिउ ५०/५० प्रतिशत सम्झौताका आधारमा अनुदानमा दिई सो को वितरणको लागि कार्यालयबाट ५० प्रतिशतको दरले हुने रु. १२७५०० भुक्तानी दिएकोमा संस्थाले गहुँको स्रोत बिउ वितरण गरेको भरपाई, अनुगमन प्रतिवेदन तथा अन्य विवरण पेश नगरेकोले गहुँको स्रोतको बिउको भरपाई पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | १२७,५०० |
| ८७ | | | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रु. ९९८३२४ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । | |
| ८८ | | | **प्रशिक्षण तथा सहजीकरण भत्ता** | ६९,५४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अर्थ मन्त्रालयको कार्य सन्चालन निर्देशिका, २०७५ को ७.१.१५ अनुसार नगरपालिका स्तरीय कार्यक्रममा प्रदेश, जिल्ला अधिकृत स्तरका कर्मचारीलाई कार्यपत्र बाहेक रु. १६०० र सहायक स्तरका कर्मचारीलाई रु. ११०० का दरले प्रति कक्षा प्रशिक्षण भत्ता दिने व्यवस्था छ । उल्लिखित दरभन्दा बढी भुक्तानी भएको देहाय बमोजिमका दरले सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु. | |

| भौ नं. र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | कर पछि दिएको रु. | कर पछि दिनुपर्ने रु. | बढी रकम असूल हुनुपर्ने रु. |
|---|---|---|---|---|---|
| ५५।०७७।६।२५ | राजश्व सम्बन्धी सचेतना तथा सङ्कलन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | ऋषिराम पाण्डेय | ११५६० | ५४४० | ६१२० |
| ५५।०७७।६।२५ | राजश्व सम्बन्धी सचेतना तथा सङ्कलन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | हरिकृष्ण कोइराला | १४४५० | ६८०० | ७६५० |
| ५५।०७७।६।२५ | राजश्व सम्बन्धी सचेतना तथा सङ्कलन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन | टापेन्द्र प्रसाद रिजाल | १७३४० | ८१६० | ९१८० |
| ५५।०७७।६।२५ | राजश्व सम्बन्धी सचेतना तथा सङ्कलन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन (प्रतिवेदन बापत बढी शुल्क) | दान बहादुर धामी | ५००० | १५०० | ३५०० |
